# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १० | काठमाडौं | बिहीबार, २० वैशाख २०८१ | Prabhab National Daily | Thursday, May 02, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# बजेट अधिवेशन बोलाउने तयारीमा सरकार



यसपटकको नीति तथा कार्यक्रम र बजेटमा उत्पादकत्वको वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता साथ अगाडि बढाउने गृहकार्य भइरहेको छ । यसले सत्ता साझेदार दलहरूको तर्फबाट प्रस्तुत साझा न्यूनतम कार्यक्रममा उल्लिखित 'निराशा चिर्दै, भरोसा जगाउँदै' भन्ने मूल मन्त्रलाई व्यावहारिक रूपमा सम्बोधन गर्ने छ ।

**पुष्पकमल दाहाल**
प्रधानमन्त्री



संसद्को अधिवेशन सम्भवतः २५ वा २६ गते बोलाउने तयारी भइरहेको छ ।

**पदम गिरी**
कानुनमन्त्री

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले बजेट अधिवेशन बोलाउने तयारी थालेको छ । जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट ल्याउनुपर्ने भएकोले वैशाख अन्तिम हप्तामा बजेट अधिवेशन जसरी पनि बोलाउनुपर्ने बाध्यतामा सरकार देखिन्छ । बजेटअघि नीति तथा कार्यक्रमसमेत संसद्मा प्रस्तुत गर्नुपर्ने भएकोले वैशाख २५ मा अधिवेशन बोलाउने तयारी गरेको कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले बताए । 'संसद्को अधिवेशन सम्भवतः २५ वा २६ गते बोलाउने तयारी भइरहेको छ,' मन्त्री गिरीले भने ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस भने सहकारी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई कारबाहीको माग गर्दै सदन अवरोधको तयारीमा देखिन्छ । गृहमन्त्रीको राजीनामा र सहकारीमा उनको संलग्नताबारे छानबिन गर्न संसदीय छानबिन समिति मागेर कांग्रेसले हिउँदे अधिवेशनमा अवरोध गरेको थियो । लगातारको अवरोधपछि सरकारले वैशाख २ गते हिउँदे अधिवेशन अन्त्य गरेको थियो ।

कांग्रेसको मागमा कुनै सुनुवाइ नभएको बरू सरकार तानाशाही पारामा प्रस्तुत भएकाले आफूहरूको माग यथावत् रहेको कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले बताए । 'सहकारी प्रकरणमा कांग्रेसका माग यथावत् छ । पछिल्लो समय सरकार अध्यादेश ल्याउन उद्दत छ ।

हामी यसको विरोधमा छौं,' लेखकले भने । सहकारीका विषयमा सामान्य हिसाबले समाधान नहुने उल्लेख गर्दै कानुनमन्त्री गिरीले यसबारे सरकारले विशेष सम्बोधन गर्ने बताए । उनले यसबारे कांग्रेससँग संवाद जारी रहेको उल्लेख गरे ।

बजेट अधिवेशनमा विधेयकहरूसमेत धेरै पारित हुने गिरीको दाबी रह्यो । 'आउँदो अधिवेशनको सन्दर्भमा पनि समितिमा छलफलमा भएका धेरै विधेयकहरू छन् । ती विधेयकहरू समितिमा छिटोभन्दा छिटो टुंग्याउने र संसदमा लगेर यसलाई कानुनको रूपमा अगाडि बढाउनेगरी काम अगाडि बढ्दै छ,' मन्त्री गिरीले भने ।

## कस्तो आउला बजेट ?

**काठमाडौं (प्रस)–** अर्थमन्त्री वर्षमान पुन यसपटक सानो आकारको बजेट ल्याउने तयारी लागेका छन् । दोस्रोपटक अर्थमन्त्री भए पनि पहिलो बजेट प्रस्तुत गर्न लागेकाले देशको आर्थिक अवस्था सुहाउँदो बजेटको तयारी उनी लागेको अर्थ मन्त्रालय स्रोतले जनायो ।

निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले चालु आर्थिक वर्षको बजेट लक्ष्यअनुसार कार्यान्वयन गर्न नसकेपछि अर्धवार्षिक समीक्षामार्फत आकार घटाएका थिए । चालु आवका लागि ल्याइएको १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँ बराबरको बजेटलाई अर्धवार्षिक समीक्षामार्फत संशोधन गर्दै १५ खर्ब ३० अर्ब रूपैयाँमा सीमित गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# जस लिने होडले 'अलपत्र' टिआरसी विधेयक

दलहरू आफ्नो सरकार हुँदा शान्ति प्रक्रिया टुंग्याएर जस लिने होडमा लाग्दा टिआरसी विधेयक अलपत्र परेको छ । सत्तामा हुँदा पारित गर्न जोड गर्ने र प्रतिपक्षमा पुग्नेबित्तिकै अड्काउने खेलमा प्रमुख दलहरू सक्रिय छन् ।

**जेबी योञ्जन**

**काठमाडौं–** तत्कालीन विद्रोही नेकपा माओवादी (हाल माओवादी केन्द्र)ले हतियार बिसाएर शान्तिपूर्ण राजनीतिमा आएको १८ वर्ष हुँदासम्म शान्ति प्रक्रियाका बाँकी कार्यभार अधुरै छ । विश्व समुदायले भने बारम्बार छिटो शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन नेपाल सरकारलाई सुझाउँदै आएको छ ।

गत वर्षको कात्तिक दोस्रो साता नेपाल भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले समेत नेपालको शान्ति प्रक्रियालाई टुंग्याउन ढिला गर्न नहुने बताएका थिए । त्यसबेला सरकारको तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाल छिटोभन्दा छिटो शान्ति प्रक्रिया टुंगोमा पुऱ्याउन प्रतिबद्ध रहेको बताएका थिए ।

तर, २ वैशाखमा संसद्को हिउँदे अधिवेशन अन्त्य भएपछि सत्तापक्ष र प्रतिपक्ष दलहरूबीच बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (टिआरसी)सम्बन्धी विधेयकमा छलफलसमेत भएको छैन । यस्तो अवस्थाले टिआरसी विधेयक के हुन्छ ? प्रश्न उब्जिएको छ ।

उसो त संयुक्त सरकार बनेपछि सार्वजनिक गरिने न्यूनतम साझा कार्यक्रममा पटक-पटक शान्ति प्रक्रिया टुंग्याउने विषय समेटिए । तर, टिआरसी विधेयक संसदीय उपसमितिमै अड्कियो । अब भने विधेयकबारे संसद्को बजेट अधिवेशनमा छलफल गर्न सत्तापक्षीय दलहरू तयार छन् । बजेट अधिवेशन यही २५ गतेपछि बोलाउने सरकारको तयारी छ ।

गत २० फागुनमा प्रधानमन्त्री दाहाल प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिबाट विधेयक पारित गराउने पक्षमा थिए । जतिबेला नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि विधेयक पारित गर्न तयार थिए । किनभने सत्तारोहणका क्रममा यी दुवै दल थिए । विपक्षमा रहँदासम्म यी दुवै दल टिआरसी विधेयक अल्झाउने




शक्ति थिए ।

तर, गठबन्धन भत्किने सुइँको पाएको कांग्रेसले त्यसपछि टिआरसी विधेयकमा हलो अड्काइदियो । जुन हालसम्म पारित भएको छैन । यसअघि एमालेले सरकारले संसद्मा प्रस्तुत गरेको विधेयकमा हेरफेर भएको र व्यक्ति हत्यालाई गम्भीर मानवअधिकार उल्लंघनमा नराखिएको भन्दै आपत्ति जनाएको थियो । संसदीय उपसमितिमा सहमति नजुट्नुको मूल कारण नै त्यही थियो । अहिले त्यसबेलाको प्रतिपक्ष सत्तापक्ष भएको छ । कांग्रेस भने प्रतिपक्षको मोर्चामा पुगेको छ । यहीबीच कांग्रेसले टिआरसीबारे सरकारसँग छलफल गर्नसमेत नचाहेको देखिएको छ ।

'यसबारे केही छलफल भएको छैन । सरकारले कुन ढंगले अघि बढ्ने मनस्थिति बनाएको छ, त्यो पनि थाहा छैन,' कांग्रेस प्रमुख सचेतक रमेश लेखकले प्रभावसँग भने, 'पहिले माओवादी र एमालेको कुरा नमिलेर रोकिएको हो नि ! हामीले त सबै कोसिस गरेका थियौं ।'

द्वन्द्वकालमा घटेका गम्भीर प्रकृतिको मानवअधिकार हननका घटनाका पीडितले न्याय मागिरहेका छन् । घाइते र अपांगता भएकाहरू पनि न्यायको प्रतीक्षामा छन् । यद्यपि, पालैपालो कांग्रेस र एमाले प्रतिपक्षमा पुग्नेबित्तिकै टिआरसी विधेयक अड्काउने खेलोमा लागेका छन् । जानकारहरूका अनुसार दलहरू शान्ति प्रक्रिया टुंग्याएको जस आफूले लिने होडमा लाग्दा टिआरसी विधेयक अलपत्र परेको हो ।

(क्रमशः पृष्ठ २ मा)



टिआरसीबारे केही छलफल भएको छैन । सरकारले कुन ढंगले अघि बढ्ने मनस्थिति बनाएको छ, त्यो पनि थाहा छैन । पहिले माओवादी र एमालेको कुरा नमिलेर रोकिएको हो नि ! हामीले त सबै कोसिस गरेका थियौं ।

**रमेश लेखक**
प्रमुख सचेतक, नेपाली कांग्रेस



पीडितले न्याय पाउने सुनिश्चित गर्छौं । त्यसलाई सत्तापक्ष र प्रतिपक्ष एक ठाउँमा रहेर यो विषय टुंगो लगाउने वातावरण तयार पार्छौं ।

**महेश बर्तौला**
प्रमुख सचेतक, नेकपा एमाले

**सन्दर्भः वैदेशिक रोजगार**

### श्रम मन्त्रालयले घोषणा गऱ्यो 'श्रमाधान योजना'

# इन्द्रेणीको रङ पछ्याउँदै श्रमिकको समस्या समाधान गर्ने

**प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम तथा रोजगारीसँग सम्बन्धित समस्याहरूको एकमुष्ट समाधान गर्ने उद्देश्यले 'श्रमाधान योजना' घोषणा गरेको छ । बुधबार १३५औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारेर मन्त्रालयले नेपाल र विदेशमा रहेको नेपाली श्रमिकको सबैखाले समस्या एकद्वार प्रणालीबाट समाधान गर्ने गरी श्रमाधान योजना घोषणा गरेको हो ।

मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा श्रममन्त्री डोलप्रसाद अर्यालले बृहत् रूपमा श्रमिकको समस्या समाधानदेखि जिज्ञासा, सुझाव तथा गुनासोलाई सम्बोधन गर्ने गरी योजना सञ्चालनमा ल्याइएको बताए । 'मन्त्रालयले अहिले पनि कल सेन्टर सञ्चालन गरिरहेको छ, तर यसको काम सीमित भयो, त्यसैले बृहत रूपमा श्रमिकको समस्या समाधानका लागि यो योजना सञ्चालन गरिएको हो,' उनले भने । अहिले विशेषगरी श्रमाधान योजना वैदेशिक रोजगारीमा गएकाहरूलाई मात्र केन्द्रित गरिएको जस्तो देखिए पनि स्वदेशका श्रमिकलाई पनि उत्तिकै सम्बोधन हुनेगरी योजना ल्याइएको मन्त्री अर्यालले बताए ।



उनले श्रमाधान योजनालाई सफल बनाउन इन्द्रेणीका सात रङलाई पछ्याएका छन् । जसमा श्रमाधानको पहिलो चरणमा सातवटा क्षेत्रहरूसँग सम्बन्धित कार्यक्रमहरू समावेश गरिएको छ । इन्द्रेणीका सात रङहरूसँग मेल खाने गरी प्रत्येक कार्यक्रमलाई एक विशेष रङसँग जोडिएको छ । ती रङहरूले प्रत्येक कार्यक्रमको उद्देश्य र महत्त्वलाई प्रतिविम्बित गर्ने मन्त्री अर्यालले बताए ।

रङहरूसँग जोड्दै श्रमाधान योजनाका बुँदाहरू उल्लेख गरिएको छ । जसमा पहिलो सेकेण्ड इनिङ्स, दोस्रो रोजगार बैंक, तेस्रो, समता, चौथो, ल (कानुन), पाँचौं कनेक्ट, छैटौं साथ, सातौं कल सेन्टर रहेका छन् । यी सातै बुँदालाई व्याख्या गर्दै मन्त्री अर्यालले क्रमशः श्रमिकका समस्या हल गर्दै जाने बताए । उनले आफूले ल्याएको योजना दीर्घकालीन र श्रमिकको हितमा रहेकाले यसको कार्यान्वयनका लागि आवश्यक स्रोत साधनमा कुनै कमी नहुने बताए ।

### यस्तो छ मन्त्री अर्यालको सात बुँदे श्रमाधान योजना

#### सेकेण्ड इनिङ्स: 'अवकाशपछिको आरम्भ'

श्रमाधान सेकेण्ड इनिङ्समा वैदेशिक रोजगारबाट नेपाल फर्केका र नेपालमै अवकाश प्राप्त नागरिकहरूको सीप, श्रम र अनुभवलाई पुनः सक्रिय बनाउन मद्दत गर्ने एक विशेष पहल हो । यस कार्यक्रमले सेवानिवृत व्यक्तिहरूलाई आफ्नो अनुभव र कौशललाई प्रयोग गरी नयाँ रोजगारी, स्वयंसेवा वा उद्यमशीलताका विभिन्न अवसरहरूमा संलग्न हुन सहयोग पुऱ्याउने छ ।

#### रोजगार बैंकः 'पेसागत यात्राको सहयात्री'

श्रमाधान रोजगार बैंकको उद्देश्य रोजगारदाता र रोजगारी खोज्ने बीचका बहुआयामिक पक्षको समन्वयतात्मक सेतु बनी आन्तरिक र विश्व श्रमबजारमा नेपाली श्रमिकको सुव्यवस्थित, सबल र बृहत् प्रतिनिधित्व गर्दै रोजगारीका अवसरहरूलाई व्यापक बनाउनु हो । यस कार्यक्रमले श्रमिकहरूलाई श्रमबजारमा प्रतिस्पर्धी हुन आवश्यक कौशलको विकास तथा पेसागत उन्नतिका लागि चाहिने स्रोत र साधन प्रदान गर्छ ।

#### समताः 'विविधताको एकता श्रममा समता'

श्रम क्षेत्रमा लैंगिक, भौगोलिक, वर्गीय, जातीय तथा अन्य कारणले मूलधारमा आउन नसकेको नागरिकहरूको पहिचान गर्दै श्रमको उच्च सम्मानको संस्कृति विकास गर्ने र श्रमको प्रक्रिया वा अन्य चरणमा व्यक्तिको व्यक्तिगत हक तथा अधिकार सुनिश्चित गर्दै समानताको प्रत्याभूति गर्ने उद्देश्य श्रमाधान समता कार्यक्रमको छ ।

(क्रमशः पृष्ठ २ मा)




मानवअधिकार आयोगको आग्रह–

# श्रमिकका अधिकार सुनिश्चित गर्नू

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले श्रमिकका लागि सरकारले लागू गरेको न्यूनतम पारिश्रमिकको व्यवस्था कार्यान्वयन गर्न सरकार र सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ । बुधबार १३५औं अन्तर्राष्ट्रिय मजदुर दिवसका अवसरमा आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले प्रेस विज्ञप्ति जारी गर्दै उक्त आग्रह गरेका हुन् ।

सामाजिक सुरक्षा कोषमा सबै क्षेत्रलाई आबद्ध गराउन, सुरक्षित र मर्यादित कामको वातावरण निर्माण एवं श्रम शोषणका सबै अवस्थाको अन्त्य गर्न आयोगले आग्रह गरेको छ । अधिकारको सम्बन्धमा व्यवस्था भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयनमा जोड दिँदै उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद देशभित्र श्रमको वातावरण र उचित सम्मान हुन नसक्दा दैनिक हजारौंको संख्यामा वैदेशिक रोजगारी माग भइरहेको पाइएको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै, निजी क्षेत्रमा कार्यरत श्रमिकले समयमा तलब नपाएको, श्रम शोषण गरिएको, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नपाएको, गरिबीका कारण बालबालिका इँटाभट्टा, होटल तथा रेष्टुराँ र निजी घरमासमेत श्रमिकको रूपमा काम गर्न बाध्य भएको एवं बाल हिंसा र यौन दुर्व्यवहारबाट पीडित भएका भनिएका घटना आयोगको जानकारीमा आएको आयोगले जनाएको छ ।

कार्यस्थलमा हुने दुर्घटनाबाट नेपालमा श्रमिक दैनिक घाइते तथा अंगभंग हुनुपरेको मात्र नभएर ज्यानैसमेत गुमाउनुपरेको विभिन्न अध्ययनले देखाएको प्रवक्ता पोखरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नेपालपक्ष भएका संयुक्त राष्ट्रसंघद्वारा जारी अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धि, नेपालको संविधान, श्रम ऐन, नियमावलीलगायतमा श्रमको सम्मान, समान कामका लागि पारिश्रमिकमा भेद्भाव गर्न नहुने विज्ञप्तिमा उल्लेख छ ।

रोजगार सम्झौता नगरी काममा लगाउन नपाउने, बालबालिकालाई काममा लगाउन नहुने, न्यूनतम पारिश्रमिक, बिदा, आराम र विश्राम, सुरक्षित कामको वातावरण, सामाजिक सुरक्षासम्बन्धी व्यवस्था, ट्रेड युनियन खोल्न पाउने र सामूहिक सौदावाजी गर्न पाउनेलगायतका अधिकारको व्यवस्था गरिएको विज्ञप्तिमा भनिएको छ ।

# 'प्रदेश भाषा ऐन संघीयताको मेरूदण्ड'

**काठमाडौं (प्रस)–** बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले प्रदेश भाषा ऐन संघीयताको मेरुदण्ड भएको बताएका छन् । बागमती प्रदेश सरकारले प्रदेश भाषा ऐन कार्यान्वयन सुरुआत गर्न यही वैशाख २४ गतेदेखि आयोजना गर्न लागेको घोषणा समारोहबारे जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरा बताएका हुन् ।




उनले संविधानमा गरिएको व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न भाषा आयोगको सिफारिसमा प्रदेश सरकारले पारित गरेको ऐन यही वैशाख २४ गतेदेखि कार्यान्वयनमा आउने जानकारी दिए । काठमाडौंको वसन्तपुरमा आयोजना हुने समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहालले नेवार र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रूपमा कार्यान्वयनमा ल्याउने घोषणा गर्ने उनले बताए ।

प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० पारित भएको १८० दिन पूरा भई कार्यान्वयनमा आउन लागेको हो । उक्त ऐन गत कात्तिक २३ गते बागमती प्रदेशसभाबाट पारित भएको थियो । पत्रकार सम्मेलनमा मन्त्री बज्राचार्यले मातृभाषामा अध्ययन गर्न नपाउँदा नेवार र तामाङ समुदायको जनसंख्या शिक्षाबाट वञ्चित हुनुपरेको बताए । 'हाम्रो भाषा नमिल्दा धेरै मानिस शिक्षाबाट वञ्चित हुनुभएको छ । अशिक्षितका कारण नेवार र तामाङ समुदाय समृद्ध हुन नपाएको अवस्था छ । तसर्थ यो कार्यबाट महत्त्वपूर्ण उपलब्धि हासिल हुने छ,' उनले भने । भाषा ऐनको कार्यान्वयन २५० वर्षको इतिहासमा नै सबैभन्दा महत्त्वपूर्ण उपलब्धिको रूपमा मन्त्री बज्राचार्यले व्याख्या गरे ।

बागमती प्रदेशका पूर्वसंस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जनले नेवार र तामाङ समुदायका बहुसंख्यक जनसंख्या रहेका क्षेत्रमा मातृभाषालाई सरकारी भाषाका रूपमा कार्यान्वयनमा ल्याउनु अत्यन्तै गौरवको विषय भएको बताए । उनले बृहत् छलफलबाट ऐन पारित भई कार्यान्वयनमा आएको बताउँदै यसलाई कार्यान्वयन गर्ने क्रममा आउने समस्यालाई समाधान गर्दै जानुपर्नेमा जोड दिए ।

## पृष्ठ १ बाट क्रमशः

### जस लिने...

त्यही कारण सत्तामा हुँदा पारित गर्न जोड गर्ने र प्रतिपक्षमा पुग्नेबित्तिकै अड्काउने खेलमा प्रमुख दलहरू सक्रिय छन् । एमालेका प्रमुख सचेतक महेश बर्तौलाले टिआरसीबारे बजेट अधिवेशनमै छलफल हुने बताए । आफ्नो पार्टी अहिले पनि कानुन पीडितमैत्री हुनुपर्ने अडानमा दायाँबायाँ नभएको उल्लेख गर्दै उनले भने, 'पीडितले न्याय पाउने सुनिश्चित गर्छौं । त्यसलाई सत्तापक्ष र प्रतिपक्ष एक ठाउँमा रहेर यो विषय टुंगो लगाउने वातावरण तयार पार्छौं ।'सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा भने पदाधिकारी रिक्त छ ।

अझैसम्म पदाधिकारी सिफारिस भएको छैन । सर्वोच्च अदालतले गत २९ फागुनमा भने एक महिनाभित्र दुवै आयोगमा पदाधिकारी नियुक्ति प्रक्रिया अघि बढाउन परमादेश जारी गरेको थियो । यसपछि सरकारले ३० चैतमा पदाधिकारी सिफारिस समिति बनायो । उक्त समितिले अहिले काम गरिरहेको छ । दुवै समितिमा पदाधिकारी सिफारिस गर्नेगरी पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षमतामा समिति बनेको हो । उक्त सिफारिस समितिको सदस्यमा सर्वोच्चकै पूर्वन्यायाधीश जगदीश शर्मा पौडेल, डा. अर्जुनकुमार कार्की र स्टेला तामाङ छन् ।

५ मंसिर २०६३ मा सरकार र तत्कालीन विद्रोही माओवादीबीच भएको बृहत् शान्ति सम्झौताको आठ वर्षपछि २०७१ सालमा संक्रमणकालीन न्याय निरूपण गर्न पहिलोपटक सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठन गरिएको थियो । संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङको अध्यक्षतामा गठन भएको आयोगले राम्ररी काम अघि नबढाउँदै म्याद सकियो । उनीपछि गणेशदत्त भट्टको अध्यक्षतामा बनेको आयोगले पनि काम पूरा गर्न सकेन । सत्यनिरूपण तथा मेलमिलाप आयोगमा ६३ हजारभन्दा बढी र बेपत्ता आयोगका ३३ हजार उजुरी परेका छन् ।

आयोग पदाधिकारीविहीन भएको लामो समय भइसकेको छ । आयोगका उपसचिव वेदनिधि अधिकारीका अनुसार, ६३ हजार ७१२ उजुरीको प्रारम्भिक छानबिनबाहेक अरू काम अघि बढ्न सकेको छैन । 'पदाधिकारी नहुँदा आयोगको उद्देश्यअनुसार काम हुन सकेको छैन । अहिले कर्मचारीले गर्न सक्ने काम छैन । अफिस चल्ने काममात्र भएको छ,' उपसचिव अधिकारीले भने ।

यतिबेला भने आयोगको अध्यक्षमा आकांक्षीहरू दौडधुपमा छन् । सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गरी दुईवटा आयोगका अध्यक्षका लागि मानवअधिकार आयोगका पूर्वसदस्य गौरी प्रधान र सुशील प्याकुरेल, पूर्वन्यायाधीश प्रकाश वस्ती, पूर्वसभामुख दमननाथ ढुंगाना, पूर्वमन्त्री गोविन्द बन्दीलगायतको नाम चर्चामा छ ।

### कस्तो आउँला...

बुधबार काठमाडौंमा आयोजित दिगो आर्थिक विकासका लागि वित्त नीति विषयक कार्यक्रममा अर्थमन्त्री पुनले मुलुकको आर्थिक शिथिलता सुधार हुँदै गए पनि ढुक्क हुने अवस्था नरहेको उल्लेख गर्दै यसको संकेत गरेका हुन् । 'यो वर्षको आर्थिक वृद्धिको प्रक्षेपण आएको छ । त्यो हेर्दा सुधार त देखिन्छ । तर राम्रै भयो भनेर ढुक्क हुने अवस्था छैन,' अर्थमन्त्री पुनले भने । प्रधानमन्त्री पुष्पकमल दाहालले सरकार बजेट निर्माणको अन्तिम चरणमा रहेको बताए ।

उनले सत्ता साझेदारका न्यूनतम साझा कार्यक्रमलाई बजेटमा समेटिनेसमेत बताए । 'नीति तथा कार्यक्रम र बजेट निर्माणको संघारमा हामी छौं । यसपटकको नीति तथा कार्यक्रम र बजेटमा उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकतासाथ अगाडि बढाउने गृहकार्य भइरहेको छ,' १३५औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री दाहालले भने, 'यसले सत्ता साझेदार दलहरूको तर्फबाट प्रस्तुत साझा न्यूनतम कार्यक्रममा उल्लिखित निराशा चिर्दै भरोसा जगाउँदै भन्ने मुलमन्त्रलाई व्यावहारिक रूपमा सम्बोधन गर्ने छ ।'

#### साढे चार प्रतिशत आर्थिक वृद्धिको दाबी

अर्थमन्त्री पुनले यो वर्ष आर्थिक वृद्धि साढे चार प्रतिशत पुग्ने दाबी गरेका छन् । केही सकारात्मक गतिविधि राम्रो भएकोले यस्तो अनुमान गरिएको उनले बताए । 'हामीले सबै सकारात्मक गतिविधि हेर्दा साढे ४ प्रतिशतभन्दा माथि वृद्धि हुन्छ,' पुनले भने, 'आर्थिक शिथिलताको बीचमा केही क्षेत्र राम्रो छ । हास्पिटालिटी क्षेत्रमा २१ प्रतिशतभन्दा माथिको ग्रोथ छ । हाइड्रोमा १७ प्रतिशतको ग्रोथ देखाएको छ ।' निर्माण क्षेत्रमा भने मन्दी जारी रहेको उनले बताए ।

विश्व बैंकले आगामी वर्ष नेपालको आर्थिक वृद्धि ३.३ प्रक्षेपण गरेको छ । यसैगरी एसियाली विकास बैंक(एडिबी)ले ३.६ र राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार ३.८७ प्रतिशत हुने अनुमान गरेका छन् ।

■■■

### इन्द्रेणीको रंग ...

यसले विशेष आवश्यकता रहेको वर्ग तथा समुदायको हकमा खास सुविधा प्रदान गरेर समानताको प्रत्याभूति दिने कुरालाई पनि समेट्छ ।

#### ल (कानुन): 'श्रम सम्बन्धी कानुन सबैले जानुन'

श्रमाधान ल श्रमिकहरूलाई उनीहरूका कानुनी अधिकारहरू र कर्तव्यहरू बुझाएर श्रमको यात्रामा कानुनी रूपमा सुरक्षित बनाउने कार्यक्रम हो । यस कार्यक्रमले श्रमिकहरूलाई श्रम कानुनका विभिन्न पक्षहरूमा सुसूचित गराई भविष्यमा हुनसक्ने श्रम विवाद र यसका अदालती प्रक्रियाका लागि तयार गराउँछ । यो कार्यक्रम विशेषगरी श्रमिकहरूको कानुनी ज्ञानलाई बढाउने र कामको स्थानमा सामना गर्नुपर्ने चुनौतीहरूलाई सहजतापूर्वक समाधान गर्न मद्दत पुराउने ध्ययका साथ ल्याइएको हो ।

#### कनेक्ट: 'भोलिको तयारी, आजैबाट'

विश्व श्रमबजारको हरेक दिन बदलिँदो छ । यस परिस्थितिमा नेपालको श्रमिकलाई विश्व श्रमिक बजारमा प्रतिस्पर्धी बनाउनुको विकल्प छैन । ग्लोबल ट्रेन्ड र चेञ्जमा आधारित भएर श्रमको नयाँ विविधितासँग जोड्न श्रमाधान कनेक्ट कार्यक्रमको उद्देश्य हो । यो कार्यक्रम नेपालबाट विदेश जाने श्रमिक, विदेशमा काम गरिरहेका नेपाली श्रमिक र गैरआवसीय नेपालीहरूलाई एउटै धागोमा जोडेर नेपालीहरूको दक्षता र विज्ञता विकासमा आधारित हुने छ ।

#### साथ: 'हामी छौं'

श्रमाधान साथ देशभित्र र विदेशमा काम गर्ने श्रमिकहरू र उनीहरूका परिवारको मानसिक स्वास्थ्यलाई केन्द्रबिन्दुमा राखी बनाइएको कार्यक्रम हो । यो कार्यक्रम तनाव व्यवस्थापन, मनोसामाजिक सहयोग र सांस्कृतिक समन्वय जस्ता श्रमिक र श्रमिकको परिवारको मानसिक स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्न केन्द्रित हुने छ ।

#### कल सेन्टर: 'समस्याहरूको सम्बोधन तुरुन्तै'

श्रमाधान कल सेन्टर भन्नाले नेपालमा वा विदेशमा रहेका नेपाली श्रमिकहरूको समस्या, जिज्ञासा र सुझावलाई विभिन्न माध्यमबाट संकलन गरी सम्बन्धित निकायसम्म पुऱ्याएर समाधान गर्ने सुविधा हो । श्रमाधान कल सेन्टरबाट हप्ताको सात दिन र २४सै घण्टा सेवा उपलब्ध हुने छ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८१/०१/२०

यस कम्पनीको मिति २०७९/०२/२० मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **अंकुर इनकर्पोरेट प्रा.लि. (प्रा.लि. नं. १९४९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/२७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ओलम्पिया स्कुल काठमाण्डौं प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**बिमालेख हरायो**

मिति २०८०/११/२० गते, नक्साल देखि रत्नपार्कसम्म जाने क्रममा मेरो लाइफ इन्स्योरेन्स (LIC) को निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : Khuba prasad Timlisina
बिमालेख नं : 110016236
ठेगाना : श्रमथली–०६, रसुवा
(Life Insurance Corporation-LIC)
सम्पर्क नं : 9813924673

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०३/२१ मा दर्ता भएको प्रा.लि.नं.४०२६७/०६३/०६४ को **एडमिसन ग्राफिक्स प्रा.लि.** को मिति २०८१/०१/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

**गोडैता नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोडैता, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१/०१/२० गते**

यस नगरपालिकाबाट मिति २०८०/११/२९ गतेको प्रकाशित बोलपत्र ०३/०८०/०८१ आह्वान सम्बन्धी सूचना वमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरूमध्ये प्रति ईकाई (एकमुष्ट) दररेटको आधारमा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देहाय वमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि आशय सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको नाम | बोलपत्रदाताका नाम | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| ०३/०८०/०८१ | अत्यावश्यक औषधि तथा सर्जिकल सामग्री खरिद | श्री युनिग्लोब हेल्थ केयर प्रा.लि.तारकेश्वर-९, काठमाडौँ | ७७,०७,२७०।- |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

वैशाख २० गते २०८१, बिहीबार

| | |
|---|---|
| **मेष** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| **वृष** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **मिथुन** | रोकिएका काम दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । |
| **कर्कट** | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । |
| **सिंह** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **कन्या** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| **तुला** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य |
| **वृश्चिक** | काम । मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **धनु** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| **मकर** | व्यवसायिक काममा फाइदा हुनेछ । |
| **कुम्भ** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| **मीन** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख २० गते, २०८१, ०२ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।




# २९औं पटक सगरमाथा आरोहण गर्दै कामिरिता

■ सिबी अधिकारी

**काठमाडौं–** सगरमाथाको २८ पटक आरोहण गरी विश्व कीर्तिमान बनाएका कामिरिता शेर्पा आफ्नै कीर्तिमान तोड्ने तरखरमा छन् । गत वर्ष सगरमाथा चुचुरोमा २८औं पटक पाइला टेकेका उनी यस वर्ष २९औं पटक आरोहणको तयारीमा छन् । सगरमाथा आरोहणका लागि कामिरिता आधार शिविर पुगिसकेका छन् ।

वसन्त यामको सगरमाथा आरोहणका लागि एक साताअघि काठमाडौंबाट लुक्ला, नाम्चे हुँदै सगरमाथा आधार शिविर पुगेका कामिरिताले भने, 'यो वर्ष २९औं पटक सगरमाथा आरोहणमा जान लागेको हुँ । यति, उति पटक आरोहण गर्छु भन्ने कुनै योजना छैन चुचुरोतिर जाउँ, कति सकिन्छ ।' करिब २८ जनाको आरोही समूहसँगै सगरमाथाको चुचुरोतिर लाग्ने तरखरमा रहेको आरोही कामिरिताले जानकारी दिए । सेभेन समिट ट्रेक्स प्रालिमार्फत उनी आरोहणका लागि शिखरतर्फ जाने तयारीमा छन् ।

सेभेन समिट ट्रेक्सका अध्यक्ष अध्यक्ष मिङमा शेर्पाले आफ्नो कम्पनीमार्फत कामिरिता २९औं आरोहणका लागि आधार शिविर आइपुगेको बताए । उनका अनुसार अहिले अधिकांश आरोही सगरमाथा आधार शिविर पुगेका छन् । उनीहरू आरोहण गर्ने उपयुक्त समयको प्रतीक्षामा छन् । सेभेन समिटमार्फत मात्रै ८० आरोही सगरमाथा आरोहणका लागि गएका छन् । खासगरी कामिरिताले आरोहीको पथप्रदर्शकका रूपमा सगरमाथा आरोहण गर्दै आएका छन् ।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका थामेमा जन्मिएका ५४ वर्षीय उनले यस वर्ष सफल आरोहण गरेमा आफ्नै कीर्तिमान तोडिने छ । सगरमाथा आरोहणको ७१ वर्षे इतिहासमा कामिरिता सर्वाधिक आरोहण गर्ने कीर्तिमानी आरोही हुन् । गत वर्ष सोलुखुम्बुकै पासाङदावा शेर्पाले २७औं पटक सगरमाथा आरोहण गरेका थिए । पासाङदावाले यसपटक सगरमाथा आरोहण गर्ने या नगर्ने टुंगो छैन । 'सगरमाथा आरोहणका लागि जाँदै छु, मेरो अरू उद्देश्य छैन,' कामिरिताले भने, 'हिमाल आरोहणको पेसालाई निरन्तरता मात्र दिएको हुँ, म कीर्तिमानका लागि सगरमाथा गएको हैन ।'

मौसमले साथ दिएमा यो वर्ष उल्लेख्य संख्यामा आरोहीले सगरमाथा चुचुरोमा पाइला टेक्ने कामिरिताको विश्वास छ । उनले भने, 'अघिल्लो आरोहणमा बढी चिसो भएको थियो, त्यसैले आरोहणमा केही असहजता थियो, आशा गरौं यो पटक मौसमले साथ दिने छ ।' सगरमाथा आरोहणमा जाँदा खुम्बु आइसफल निकै जोखिमपूर्ण भएकाले विशेष सतर्कता अपनाउन आरोहीलाई उनको सुझाव छ । सगरमाथा आरोहणमा हुनसक्ने विकृति रोक्न आरोहीको निगरानी र व्यवस्थापनमा सरकारी निकायले विशेष ध्यान दिन जरुरी भएको उनको भनाइ छ ।

सगरमाथासहितका हिमाल नेपालको गौरव पनि हो । पर्वतारोहण र पदयात्राका लागि उल्लेख्य संख्यामा विदेशी नागरिक नेपाल आउँछन् । कीर्तिमानी आरोही कामिरिताको बुझाइमा हिमालले देशलाई धेरै चिज दिएको छ । हिमाललाई दुहुनो गाईका रूपमा मात्र प्रयोग नगरी संरक्षण र सरसफाइ गर्नुपर्ने उनको बुझाइ छ ।

## कामिरिताको आरोहण यात्रा

कामिरिताले वि.सं. २०७९ को वसन्त ऋतुमा दुईपटक सगरमाथा आरोहण गरेका थिए । सन् २०२३ को मे १७ मा कामिरिताले २७औं पटक सगरमाथा आरोहण गरेका थिए । त्यसको केही दिनलगत्तै उनी दोस्रोपटक सगरमाथाको चुचुरोमा पुग्न सफल भए । उनले सन् २०२२ को वसन्त आरोहणमा डोरी टाँग्ने क्रममा २६औं पटक सगरमाथाको आरोहण गरेका थिए । उनले सबैभन्दा धेरै पटक सगरमाथा आरोहणसँगै आठपटक चोयु, तीनपटक मनास्लु, एकपटक ल्होत्से, एकपटक केटु आरोहण गरी ४० पटक विश्वका अग्ला हिमालको आरोहण गरिसकेका छन् । सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरो टेकेका कामिरिताका नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी पटक आरोहण गरेको कीर्तिमान छ ।

## कीर्तिमान जोगाउने चुनौती

अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङदावाले २७औं पटक सगरमाथा आरोहण गरेपछि कामिरिताको कीर्तिमानी खोसिने हो कि भन्ने चुनौती थपिएको थियो । पासाङदावाले आरोहणलाई निरन्तरता दिएमा कीर्तिमान तोडिने भएकाले जोगाउने चुनौती थपिएको हो । सगरमाथाको दोस्रो शिविरभन्दा माथिको बाटो बनाउने जिम्मा सेभेन समिट ट्रेक्स प्रालिले पाएको छ । वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न उत्साहजनक रूपमा आरोही आइरहेका छन् ।

पर्यटन विभागका अनुसार वैशाख १७ गतेसम्म ३७ आरोही समूहका ७० महिला र ३२० पुरुष गरी कूल ३९० आरोहीले आरोहण अनुमति लिएका छन् । सगरमाथा आरोहणबाट मात्रै ५५ करोड ८५ लाख ४४ हजार ४४९ रूपैयाँ रोयल्टी संकलन भएको छ । अघिल्लो वर्ष ४४ आरोही समूहका ४७८ आरोहीले अनुमति लिएका थिए । जुन संख्या सगरमाथा आरोहण इतिहासकै सबैभन्दा बढी थियो ।

सन् २०२४ को वसन्त याममा सगरमाथा हिमाल आरोहणका लागि चौथो शिविर (७९५० मि.) सम्म बाटो खुलेको छ । विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङका अनुसार सगरमाथा आरोहणका लागि चौथो शिविरसम्म डोरी टाँग्ने काम सकिएको छ । मौसमले साथ दिए वैशाख २८ गते (मे १० तारिख) देखि सगरमाथा आरोहण हुने अनुमान गरिएको छ । आधार शिविरदेखि दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) का आइसफल डाक्टरहरूले बाटो बनाउने गर्छन् । अघिल्लो वर्ष वैशाख ३० गतेबाट आरोहण सुरु भएको थियो ।

## सात हजारभन्दा बढी आरोही सगरमाथामा

पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनरिङ इन नेपाल, फ्याक्ट एण्ड फिगर-२०२३' का अनुसार नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारीले आरोहण सुरु गरेयता हालसम्म सात हजार ६२६ आरोहीले सगरमाथाको सफल आरोहण गरिसकेका छन् ।

हालसम्म सगरमाथा आरोहण गर्ने महिला ५१९ जना पुगेका छन् । सन् १९७५ मे १६ तारिखका दिन जापानी आरोही जुनको तावेईले सगरमाथा आरोहण गरेर पहिलो महिला सगरमाथा आरोहीको उपमा पाएकी थिइन् । पासाङल्हामु शेर्पा सगरमाथा चढ्ने प्रथम नेपाली महिला हुन् । उनले २०५० वैशाख १० गते सगरमाथाको सफल आरोहण गरेकी थिइन् तर उनी जीवितै फर्किन सकिनन् । सन् २०२२ मा सगरमाथा आरोहण गरेकी कर्मा शेर्पा सगरमाथा आरोहण गर्ने पछिल्लो नेपाली महिलाको सूचीमा छन् ।

## पाँच वर्षको आरोहण

सन् २०२२ मा आरोही तथा सहयोगी शेर्पा समूह गरी ६५८ जना सगरमाथाको चुचुरोमा पुग्न सफल भएका थिए । यसमा २४० आरोही तथा ४१८ सहयोगी छन् । सन् २०२१ मा १८३ आरोही र २७६ सहयोगी गरी कूल ४५९ ले सगरमाथा आरोहण गरेका थिए । सन् २०२० मा कोभिडका कारणले सगरमाथा आरोहण हुन सकेन । सन् २०१९ मा २८० आरोही र ३६४ सहयोगी गरी जम्मा ६४४ आरोहीले आरोहण गरे । यस्तै, सन् २०१८ मा २८२ आरोही तथा २९८ सहयोगी गरी जम्मा ५६० ले सगरमाथा आरोहण गरेका थिए । दुई साहसी पर्वतारोही तेन्जिङनोर्गे शेर्पा र सर एडमन्ड हिलारीले सन् १९५३ मे २९ तारिखका दिन पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेका थिए । *रासस*

# 'राष्ट्रसंघलाई सबल बनाउन नेपालको पूर्ण सहयोग रहन्छ'



**काठमाडौं–** उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले राष्ट्रसंघ सबल र प्रभावकारी संयुक्त राष्ट्रसंघ बनाउन नेपालको पूर्ण सहयोग रहने बताएका छन् ।

संयुक्त राष्ट्रसंघीय जनसंख्या तथा विकास आयोगको ५७औं बैठकमा भाग लिने सिलसिलामा न्युयोर्कमा रहेका उपप्रधानमन्त्री यादवले बुधबार राष्ट्रसंघको ७८औं महासभाका अध्यक्ष डेनिस फ्रान्सिससँग भएको भेटवार्तामा उक्त प्रतिबद्धता व्यक्त गरेका संयुक्त राष्ट्रसंघका लागि न्युयोर्कस्थित नेपालको स्थायी नियोगले जनाएको छ ।

उपप्रधानमन्त्रीले जलवायु परिवर्तन र नेपालजस्ता अति कम विकसित देशले भोग्नुपरेका समस्या र त्यसको असरका बारेमा चर्चा गर्दै दिगो पर्यटन विकास, अन्तर्राष्ट्रिय सहयोग तथा बहुपक्षीयताको महत्त्वका बारेमा विचार व्यक्त गरेका थिए । उनले शान्ति, समृद्धि र दिगो विकासका निम्ति अध्यक्ष फ्रान्सिसले अगाडि बढाएका प्राथमिकताप्रति नेपालको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

महासभाका अध्यक्षले नेपालको स्वास्थ्य क्षेत्र, विशेषगरी मातृ तथा प्रजनन स्वास्थ्यमा भएको उल्लेखनीय सुधारको सराहना गर्दै नेपालको दिगो विकासका लक्ष्य प्राप्ति तथा जलवायु परिवर्तनका असर घटाउन राष्ट्रसंघले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यसअघि नेपालसहित डेनमार्क, आयरल्याण्ड, स्वीडेन, कोलम्बिया र संयुक्त अधिराज्यले राष्ट्रसंघमा संयुक्त रूपमा आयोजना गरेको एक कार्यक्रममा उपप्रधानमन्त्री यादवले स्वास्थ्य क्षेत्रमा नेपालले गरेका प्रगति तथा चुनौतीबारे जानकारी दिँदै स्वास्थ्य क्षेत्रको सुधारका लागि राष्ट्रहरूबीच विश्वास, सद्भाव, ऐक्यबद्धता र सहयोग आदानप्रदान महत्त्वपूर्ण भएको बताए । त्यस अवसरमा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापासहित नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरूको उपस्थिति थियो । *रासस*


## Godawari Municipality
### Office of Municipal Executive
Bajrabarahi, Lalitpur
Bagmati Province, Nepal

**Invitation for Bids(IFB)**

**Date of publication: - 2081/01/20 BS. (2024/05/02 AD.)**

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S.N. | Contract Identification No. | Name of Project | Estimate Amounts NRs (Without VAT and Contingencies ) | Cost of Bidding Document NRs | Bid Security NRs | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawarimun /lalitpur/ W/NCB/ 48/080/81 | Upgrading of Nawajyoti School-Surakshit Awash Griha-Ward office Road,Godawari-13, Lalitpur | 26,63,306.14/- | 3,000/- | 73,000/- | 2081/02/09 BS (2024-05-22 AD)Time: 13:00 PM | 2081/02/20 BS (2024-06-02 AD) Time: 12:00 Noon | 2081/02/20 BS (2024-06-02 AD) Time: 13:00 PM | |

**For Goods under NCB Procedure**

| S.N. | Contract Identification No. | Name of Project | Cost of Bidding Document NRs | Bid Security NRs | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawarimun/ lalitpur/G/NCB/ 04/080/81 | Supply and delivery of copper plate for Bishanku Naryan Temple at Godawari municipality | 3,000/- | 75,000/- | 2081/02/09 BS (2024-05-22 AD)Time: 13:00 Hrs | 2081/02/20 BS (2024-06-02 AD) Time: 12:00 Hrs | 2081/02/20 BS (2024-06-02 AD) Time: 13:00 Hrs | |

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- **www.bolpatra.gov.np/egp/**
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# नारामा सीमित श्रमिकको अधिकार

श्रमजीवी वर्गले राज्यका शासक र रोजगारदाताबाट हुने शोषण, असुविधा र असुरक्षालाई सबैले एक्लाएक्लै बेहोरिरहेका हुन्छन् । समयमै तलब नपाउँदा, श्रम शोषणमा पर्दा श्रमजीवी वर्ग देशमा अडिन सकिरहेका छैनन् । विदेशमा कमाउन जानेको संख्या ५० लाख माथि पुगिसकेको अवस्था छ । वैदेशिक रोजगारीमा जानेलाई जोखिमपूर्ण काम गर्न, सम्झौताभन्दा बाहिरको काम थोरै ज्यालामा गर्न बाध्य पारिएको छ, त्यसरी बाध्यकारी काम गर्ने क्रममा अंगभंग हुने र भविष्यमा कुनै काम गर्न नसक्ने अवस्थामा पुग्ने, कयौं अवस्थामा मृत्युवरण हुँदा आश्रित परिवार बिचल्लीमा पर्ने गरेका कारुणिक दृश्यहरू हामीले देख्दै आएका छौं ।

हरेक श्रम दिवसमा राजनीतिक तहका नेतृत्वमा बस्नेहरूले शुभकामना आदानप्रदान गर्नेबाहेक श्रमजीवी मैत्री कानुन बनाउन सकेका छैनन् । देशमै टिक्ने र सुरक्षित भविष्यको लागि सरकारको कुनै नीति छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल आफैं श्रमजीवी वर्गको हकहित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा सामाजिक न्याय र समृद्धि सम्भव नहुने बताउँछन् । श्रमजीवी वर्गकै अधिकारको सुनिश्चित गर्न कुर्सीमा बसेर प्रधानमन्त्री दाहालले भाषण गर्ने काममात्रै गरेका छन् । न्यूनतम पारिश्रामिकको कार्यान्वयन छैन । सामाजिक सुरक्षा कार्यक्रममा श्रमिकलाई आबद्ध गरिन्न । तैपनि चुपचाप अन्याय सहेर काम गर्न बाध्य छन् श्रमिक वर्ग ।

सन् १८८६ मे १ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन'को माग गर्दै मजदुरले गरेको आन्दोलन सफल भएको दिनको सम्झनामा संसारभर श्रमिक दिवस मनाइन्छ । नेपालमा २००३ फागुन २० गते विराटनगर जुटमिलमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर मजदुर युनियन गठन गरेसँगै औपचारिक रूपमा ट्रेड युनियन आन्दोलन सुरुआत भएको इतिहास रहेको छ । अनौपचारिक क्षेत्रका किसान, चालक, मजदुर, कुल्ली, कामदार, जागिरे, ज्यामी र श्रमिकका कामको सुरक्षा, पेसागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन राज्य, रोजगारदाता र रोजगारी गर्नेको प्रतिनिधिबीच संवाद र सामूहिक सौदावाजीमार्फत आवश्यक नीति तर्जुमा गर्ने कानुनी व्यवस्था गरिएको छ । तर अनौपचारिक क्षेत्रमा छरिएर रहेका श्रमिकको अधिकार रक्षा र प्राप्तिका लागि सबैलाई गोलबद्ध गर्न निकै चुनौतीपूर्ण रहँदै आएको छ ।

देशमा संघीयता आएसँगै राज्यको शासकीय स्वरूप स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकार बनेको छ । अब ट्रेड युनियन हक र हितका विषय संघीय सरकारको मात्र नभई स्थानीय सरकारसँग जोडिन पुगेको छ । धेरै स्थानीय सरकारले ट्रेड युनियनका विषयमा चासो राख्ने गरेको भेटिँदैन । यस्तो विषयमा स्थानीय सरकारले पनि विशेष ध्यान दिनुपर्छ र अब श्रमिकको अधिकार सुनिश्चित गर्नुपर्छ । हालसम्म नारामामात्र सीमित श्रमिकको अधिकार व्यवहारमा कार्यान्वयन गर्न जरुरी छ ।

# श्रमिक दिवस र ट्रेड युनियन आन्दोलनको अभिभारा



▸▸ अचुतकुमार ओझा

ट्रेड युनियन आन्दोलनलाई निरन्तरता र दिगो बनाई राख्न नयाँ पुस्तालाई जोड्न आवश्यक छ । उनीहरूलाई ट्रेड युनियन शिक्षामार्फत मजदुर आन्दोलन बन्द, हडताल र अवरोध होइन समाजिक विकृति, विसंगति र विभेदकोविरुद्ध गरिने सिर्जनात्मक सामूहिक प्रयास हो भनेर चिनाउन र बुझाउन खाँचो छ । हिजोभन्दा आज ट्रेड युनियन आन्दोलनको महत्व अझ बढेर गएको कुरा उनीहरूलाई जानकारी गराउन खाँचो देखिन्छ ।

मेडे अर्थात् श्रमिकले दृढ साहस र संकल्पका साथ लडेर आफ्ना अधिकार प्राप्त गरेको दिनको स्मरण हो । सन् १८८६ मे १ मा अमेरिकाको सिकागोमा आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग गर्दै मजदुरले गरेको आन्दोलन सफल भएको दिनको सम्झनामा संसारभर श्रमिक दिवस मनाइन्छ । सन् १८८९ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न विश्वका श्रम संगठन एवं श्रमिक नेताहरूको बैठकले विश्व मजदुर दिवस संसारभर मनाउने निर्णय गरिएको थियो । सन् १८९० देखि प्रत्येक वर्ष मे १ मा दुनियाभर मजदुर दिवस मनाउने गरियो ।

नेपालमा २००३ फागुन २० गते विराटनगर जुटमिलमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर मजदुर युनियन गठन गरेसँगै औपचारिक रूपमा ट्रेड युनियन आन्दोलन सुरुआत भएको इतिहास रहेको छ । विराटनगरमा २००७ सालमा मजदुरले आन्दोलन गरेसँगै यो दिवस मनाउन थालिएको थियो । तर २०४६ सालदेखि मात्रै मे १ मा सरकारले आधिकारिक रूपमा सार्वजनिक बिदा दिन थालेको थियो । यसरी हेर्दा नेपालको ट्रेड युनियन आन्दोलनले सात दशक पूरा गरिसकेको छ ।

वि.सं. २००७ मा जहानियाँ राणा शासनबाट भइरहेको निरंकुशताबाट नागरिक, कामदार र देशलाई मुक्ति दिलाउन र स्वतन्त्रता प्राप्ति गर्न ट्रेड युनियन आन्दोलनले पुऱ्याएको योगदान अविस्मरणीय छ । ट्रेड युनियन आन्दोलन सामाजिक अभियान भएकाले प्रजातन्त्रको बहालीसँगै शासक र रैती, मालिक र मजदुर, व्यवस्थापक र कर्मचारीबीच हुने दमन, शोषण र अत्याचारका विरुद्ध आवाजहरू उठ्न थालेको थियो । मजदुरले मेहनत गरेर कम्पनी र संस्थाले नाफा कमाउन सफल हुँदा मालिक मोटाउँदै जाने तर काम गर्ने कारिन्दाले कुनै लाभ नपाउने अवस्था थियो । श्रमिक एकता र आन्दोलनले कम्पनीको नाफामा कर्मचारीले हिस्सा पाउनुपर्ने आवाजहरू उठ्न थाल्यो । यसले गर्दा बोनसका रूपमा श्रमिक आन्दोलनलाई सम्बोधन गर्न राज्य र उद्योगीहरू बाध्य भएका थिए ।

श्रमिक हक र हितका लागि संगठित हुन पाउने र समय अनकूल पेसागत मुद्दाहरू उठाउन सामूहिक सौदाबाजी गर्न सक्ने गरी मजदुर अभियानले कानुनी अधिकार प्राप्त गर्न सफल भएको छ । मजदुरका सरोकारका विषयमा निर्णय गर्दा अनिवार्य रूपमा आधिकारिक युनियनका नेता वा क्रियाशील युनियनमा रहेका श्रमिकका प्रतिनिधिहरूको सहभागिता अनिवार्य रहनुपर्ने व्यवस्था स्थापित भएको छ । सार्वजनिक संस्थान, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, संघसंस्था, औपचारिक क्षेत्रका कामदार तथा पेसाकर्मीहरू सबैले आफूले चाहेको कर्मचारी युनियनमा जोडिन र पेसाकर्मीहरूको हक र हितका विषयमा संगठित रूपमा प्रचलित कानुनको अधीनमा रहेर आवश्यक दबाब र आन्दोलनका कार्यक्रम गर्न पाउने अधिकार नेपालमा रहेको ७५ वर्षभन्दा लामो ट्रेड युनियन आन्दोलनले स्थापित गरेको छ ।

अनौपचारिक क्षेत्रका किसान, ड्राइभर, मजदुर, कुल्ली, कामदार, जागिरे, ज्यामी र श्रमिकका कामको सुरक्षा, पेसागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन राज्य, रोजगारदाता र रोजगारी गर्नेको प्रतिनिधिबीच संवाद र सामूहिक सौदाबाजीमार्फत आवश्यक नीति तर्जुमा गर्ने कानुनी व्यवस्था गरिएको छ । ट्रेड युनियन आन्दोलनका कारण ट्रेड युनियन ऐन, विनियमावली र अन्य कानुनबाट श्रमिकका हक र हितको संरक्षण गर्न सफलता मिलेको छ । खासगरी अनौपचारिक क्षेत्रमा छरिएर रहेका श्रमिकको अधिकार रक्षा र प्राप्तिका लागि सबैलाई गोलबद्ध गर्न निकै चुनौतीपूर्ण रहँदै आएको छ । ट्रेड युनियन आन्दोलनल न्यूनतम वेतन, सामाजिक सुरक्षा, ट्रेड युनियन शिक्षा, सामूहिक सौदाबजी, र पेसागत स्वास्थ्य तथा सुरक्षाको 'ग्यारेन्टी' गर्न राज्य र सम्बन्धित पक्षलाई दबाब र संवादमार्फत कानुनी अधिकार दिने त्रिपक्षीय सम्झौता गर्न बाध्य पारिँदै आएको छ ।

पछिल्लो समय काममा प्रविधिको प्रयोग बढ्दो छ । समाजको चरित्र बदलिएको छ, कामदार 'हार्ड वर्क'भन्दा 'स्मार्ट वर्क' गर्न रुचाउँछन् । काममा कम्प्युटर, इन्टरनेट, रोबोट र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता आधुनिक प्रविधिको बढ्दो प्रयोगले पुरानो सीप प्रयोगहीन हुने र पहिलाको तुलनामा थोरै मानव साधनबाट त्यति नै काम सम्पन्न गर्न सकिने अवस्थाले रोजगारी कटौतीको अवस्था आइरहेको छ । यसैले श्रम शक्तिलाई समय र प्रविधिमैत्री बनाउन तालिम, प्रशिक्षण र सीप सिकाइको मौका प्रदान गर्न समेत राज्यलाई आवश्यक दबाब दिनुपर्ने देखिन्छ ।

प्रविधिले विश्व नै एउटा गाउँ बन्दै गर्दा नेपालबाट दैनिक दुई हजारभन्दा बढी नागरिक वैदेशिक रोजगारीमा श्रमका लागि जाने गरेका छन् । वैदेशिक रोजगारीमा जानेको सम्मानित र सुरक्षित कामका लागि ट्रेड युनियन अभियानले केही सम्बोधन गरिएता पनि त्यो पर्याप्त हुन सकेको छैन । देशमा बेरोजगारीलाई रोजगारी दिन नसक्दा विदेशमा कमाउन र रमाउन जानेको संख्या ५० लाखभन्दा माथि पुगिसकेको अवस्था छ । वैदेशिक रोजगारीमा जानेलाई जोखिमपूर्ण काम गर्न, सम्झौताभन्दा बाहिरको काम थोरै ज्यालामा गर्न बाध्य पारिएको छ, त्यसरी बाध्यकारी काम गर्ने क्रममा अंगभंग हुने र भविष्यमा कुनै काम गर्न नसक्ने अवस्थामा पुग्ने, कयौं अवस्थामा मृत्युवरण हुँदा आश्रित परिवार विचल्लीमा पर्ने गरेका कारुणिक दृश्यहरू टेलिभिजन र सामाजिक सञ्जालमा देखिने गरेका छन् । यसलाई ट्रेड युनियन आन्दोलनले बिमा र सामाजिक सुरक्षा कोषमार्फत सुधार गर्ने प्रयास गरेको छ तर त्यो प्रभावकारी हुन सकिरहेको छैन ।

ट्रेड युनियन आन्दोलनले कार्यक्षेत्रमा लैंगिक समानता र समावेशिता, स्वच्छ वातावरण, ज्यालामा एकरूपता, कार्यस्थलको सुरक्षा, श्रम शक्तिलाई सीप, शिक्षा र सम्मानित रोजगारीको व्यवस्था, सबै कामदारलाई योगदानमा आधारित सामाजिक सुरक्षाको प्रत्याभूति गराउन २०७६ सालमा सरकारले सामाजिक सुरक्षा योजनाको घोषणा गरेर अगाडि बढ्नुपर्ने परिस्थिति सिर्जना गर्न सफल भएको छ । यसैको दबाबमा नेपालको संविधानमा मौलिक हकका रूपमा श्रम अधिकार र ट्रेड युनियन गर्न पाउने अधिकारलाई स्थापित गरिएको छ ।

ट्रेड युनियन अभियानका कारण नेपाल आइएलओ सदस्य राष्ट्र बनेर विभिन्न सन्धिहरूको पक्षमा हस्ताक्षर गरिसकेको छ । यसले विश्वभरिका मजदुरसँग सहकार्य र समन्वय गर्दै श्रम बजारमा भएका नयाँ अभ्यास, प्रयोग र मुद्दाहरू पहिचान गर्न र थाहा पाउन सहजता मिलेको छ । राज्य र रोजगारदाताहरूले श्रमिकका जायज मागहरूलाई सुन्न खोजेनन् भने अन्तर्राष्ट्रियकरण गरी विश्वका मजदुरबाट समर्थन र साथ बटुली आवश्यक दबाब दिएर आफ्ना मागहरू सम्बोधन गराउन सकिने हैसियत दिएको छ ।

ट्रेड युनियन आन्दोलनले यावत् उपलब्धि प्राप्त गर्दै गर्दा पनि श्रमिकका उपलब्ध अधिकारमा हुने सबैखाले प्रहारलाई परास्त गर्दै जलवायु परिवर्तनले रोजगारीका क्षेत्रमा पार्ने असर जस्ता नयाँ मुद्दालाई पहिल्याएर निराकरण गर्नुपर्ने अभिभारा ट्रेड युनियनमा आएको छ । देशमा संघीयता आएसँगै राज्यको शासकीय स्वरूप स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकार बनेको छ । अब ट्रेड युनियन हक र हितका विषय संघीय सरकारको मात्र नभई स्थानीय सरकारसँग जोडिन पुगेको छ । केन्द्रीय सरकारले कानुन बनाएर ७५३ स्थानीय तहमा उपप्रमुखको नेतृत्वमा श्रमिक 'हेल्प डेक्स' गठनका लागि जिम्मेवारी दिएको अवस्था छ तर हालसम्म हेर्दा केही सीमित स्थानीय तहमा मात्र गठन गरेर श्रमिकका मुद्दा छलफल र सामूहिक सौदाबाजी हुन सकेको देखिन्छ । धेरै स्थानीय सरकारले ट्रेड युनियनका विषयमा चासो राख्ने गरेको भेटिँदैन । यसलाई बुझाउने, स्थानीय स्तरमा ट्रेड युनियनका संरचना बनाउने र ट्रेड युनियन शिक्षालाई अभियानकै रूपमा समाजमा अगाडि बढाउन आवश्यक छ । सम्पूर्ण मजदुरहरूलाई सम्बन्धित स्थानीय तहमा पुँजीकरण गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागी हुन पाउने, कडा रोग र अशक्त हुँदा सामाजिक सुरक्षा कोष र बिमामार्फत सहयोग प्राप्त गर्न सक्ने कामदारका सुरक्षाका मुद्दालाई नतिजामुखी बनाउने जिम्मेवारी ट्रेड युनियनले होसियारपूर्वक उठाउनुपर्ने देखिन्छ ।

राज्य सञ्चालक, नीति निर्माता र राजनीतिक दलका नेताहरूमा मात्रै नभई नागरिक र मजदुर संगठनका आफ्नै सदस्यहरूमासमेत ट्रेड युनियन आन्दोलनप्रतिको विश्वास कमजोर हुँदै गएको हो कि भन्ने भान परेको छ । यसैबीचमा सार्वजनिक संस्थान, प्रतिष्ठान र निजामती कर्मचारीहरूलाई किन चाहियो ट्रेड युनियन भनेर राजनीतिक दलका नेता र बुद्धिजीवीहरूबाट सार्वजनिक स्थानमा प्रश्न गरिँदै गर्दा त्यसको उपयुक्त उत्तर ट्रेड युनियन आन्दोलनभित्र खोज्न आवश्यक छ ।

सरकारी संघसंस्थाको उत्पादकत्व घट्नु र प्रशासनिक ढिलासुस्तीका मूल कारक ट्रेड युनियन हो भनेर जसरी संसद् र दलका बैठकमा छलफल हुन प्रारम्भ भएको छ । यसलाई चिरेर मजदुर आन्दोलनको औचित्य पुष्टि गर्नुपर्ने देखिन्छ । ट्रेड युनियन आन्दोलन केही बदमास नेतृत्वले आफ्नो र आफ्ना निजी स्वार्थका लागि पेसागत धर्म र मर्मभन्दा बाहिर गई गरेका सम्झौताका कारण केही हदसम्म बदनाम भएको स्वीकार्नुपर्छ । यसैका आधारमा ट्रेड युनियनको कुनै औचित्य छैन भनेर निचोड निकाल्नु गलत हुन्छ । बरु ट्रेड युनियन आन्दोलन पेसागत मुद्दामा भन्दा राजनीतिक दलको पछि लाग्दा शिथिल बन्दै जाने विषय सत्य हुन सक्छ । यसका लागि ट्रेड युनियनकर्मीहरूले विचार, बहस र चिन्तनमार्फत भुत्ते हुँदै गएको श्रमिक आन्दोलनलाई तिखारेर उठाउन आवश्यक छ ।

श्रमिकका गुणस्तरीय जीवनयापन र सामाजिक विकासका लागि भ्रष्टाचार, महँगी, गरिबी, ठगी, अन्याय र अत्याचारका विषयलाई बुलन्द गर्न सक्नुपर्छ । छरिएर रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई गोलबद्ध गरी कानुनमा लेखिएका तर व्यवहारमा कार्यान्वयन नगरिएका विषयहरूलाई कार्यान्वयन गर्न दबाब दिन सक्नुपर्छ । आफ्ना सदस्यबाट नै गरिएका संशय हटाउँदै श्रमिकका समस्यामा सामाजिक अभियान चलाउनुपर्छ । ट्रेड युनियनकर्मीहरू सरुवा, बढुवा, शाखा, सुविधा र आर्थिक प्रलोभनमा परेर आन्दोलन बेच्छन् भन्ने आरोप लाग्दै आएको छ । यसलाई चिरेर समाजमा ट्रेड युनियन आन्दोलनप्रति बन्दै गएको गलत तस्बिरलाई बदल्नुपर्ने जिम्मेवारीसमेत रहेको छ । ट्रेड युनियन आन्दोलनको दबाबका कारण सुरुआत भएको तर लक्ष्यमा नपुगेका सामाजिक सुरक्षा, संगठित हुने अधिकार, देशमा नै सीप, शिक्षा र रोजगारी अभियान, कार्यथलो सुरक्षा, पेसागत स्वास्थ्य र सुरक्षा, न्यूनतम वेतन र सुरक्षित वैदेशिक रोजगारीलगायत 'एजेण्डा'लाई परिणाममुखी बनाउने दायित्व ट्रेड युनियनलाई रहिआएको छ ।

ट्रेड युनियन आन्दोलनलाई निरन्तरता र दिगो बनाई राख्न नयाँ पुस्तालाई जोड्न आवश्यक छ । उनीहरूलाई ट्रेड युनियन शिक्षामार्फत मजदुर आन्दोलन बन्द, हडताल र अवरोध होइन समाजिक विकृति, विसंगति र विभेदकोविरुद्ध गरिने सिर्जनात्मक सामूहिक प्रयास हो भनेर चिनाउन र बुझाउन खाँचो छ । राज्यका शासक र रोजगारदाताबाट हुने शोषण, असुविधा र असुरक्षालाई सबैले एक्लाएक्लै बेहोरिरहेका हुन्छन्, त्यसलाई सामूहिक मुद्दा बनाएर आपसको अटुट एकता, वर्गीय हितप्रतिको निष्ठा र आफ्नो न्यायोचित अधिकार प्राप्त गर्ने दृढ अठोटका कारण नेपालको ट्रेड युनियन आन्दोलन निरन्तर अगाडि बढिरहेको छ । यसैले हिजोभन्दा आज ट्रेड युनियन आन्दोलनको महत्त्व अझ बढेर गएको कुरा उनीहरूलाई जानकारी गराउन खाँचो देखिन्छ । यस आन्दोलनले नयाँ पुस्ताका मजदुरहरूमा उत्साह, साहस र आत्मविश्वास वृद्धि गर्दै ट्रेड युनियनप्रतिको भरोसा अभिवृद्धि गर्नुपर्ने अभिभारासमेत पूरा गर्नुपर्ने छ । *रासस*

*(ट्रेड युनियन अभियानमा क्रियाशील लेखक ओझा नेपाल टेलिकममा कार्यरत छन्)*

## मननयोग्य

### चाणक्य नीति

राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।

## पत्र-मञ्जुषा

# मजदुरलाई सधैं बनाइयो भऱ्याङ, शक्तिमा पुगेपछि बेवास्ता

हरेक वर्षजस्तै यस वर्ष पनि मे १ का दिन बुधबार मजदुर दिवस मनाइएको छ । मजदुरको नाममा दिवस मनाए पनि उनीहरूको जीवनस्तरमा खासै परिवर्तन हुन सकेको छैन । हरेक क्षेत्रमा श्रम शोषण छ । थोरै तलबमा श्रमिकको रगत पसिना चुस्ने क्रम जारी नै छ । अहिले पनि मासिक तीनदेखि १० हजार रूपैयाँमा काम लगाइन्छ ।

घरायसी काम गर्नेहरूले महिनाभर काम गर्दा बल्लतल्ल तीन हजार पाउँछन् । यता, होटल, निजी संघसंस्था, पसलहरूमा पनि व्यापक श्रम शोषण भइरहेको छ । निजी क्षेत्रमा काम गर्नेहरू बिहान ९ देखि बेलुकी ७ बजेसम्म खटिन्छन् । न उनीहरूलाई सार्वजनिक विदाको दिन छुट्टी हुन्छ न चाडबाडमा । सधैं काममात्रै । उनीहरूलाई चाडपर्व पेस्की र उपचार खर्चबाटसमेत वञ्चित गराइएको अवस्था छ । पछिल्लो समय तलब नदिएको गुनासो व्यापक आएको छ । एकातिर थोरै तलबमा महिनाभर खटिनुपरेको छ भने अर्कोतिर त्यही तलब पनि दिएका छैनन् । घरायसीदेखि निजी संघसंस्थामा काम गर्नेले वर्षौंदेखि तलब पाएका छैनन् । सरकारले श्रमिकको मासिक तलब १७ हजार ३०० निर्धारण गरेको छ ।

काम लगाउनेले दसैं पेस्की र उपचार खर्च दिनुपर्ने भनिएको छ । सार्वजनिक विदाका दिन उनीहरूले पनि छुट्टी पाउने सरकारले नै भनेको छ । तलब पनि बैंकमार्फत दिनुपर्ने प्रावधान छ । तर, खोइ त कार्यान्वयन ? सरकारको ऐनकानुन कागजमै सीमित हुँदा श्रमिकहरू मर्कामा परेका छन् । निजी क्षेत्रमा जागिरे कामदारहरूलाई कुनै सेवासुविधा हुँदैन । उनीहरू हिँडेर वा सार्वजनिक गाडी चढेर जान्छन् । पैसा भए दिँउसो खाजा खान्छन्, नत्र भोकै बस्छन् । यता, सरकारी कर्मचारीलाई मोज छ । जनताले तिरेको करबाट महिना मर्न नपाइकन तलब दिइन्छ । मिटिङ भत्ता, गाडी, पोसाक, खाजाको व्यवस्थापन पनि सरकारले नै गर्छ ।

सरकारले बहालवाला होस् या पेन्सनवाला, महिना मर्नुअगावै बैंकको खातामा तलब हालिदिन्छ । सरकारले दिएको अनेकौं सुविधाको बाबजुद पनि सरकारी कर्मचारी सन्तुष्ट छैनन् । पर्याप्त सेवासुविधा दिँदा पनि उनीहरू देश र जनताका लागि काम गर्दैनन् । सरकारी कर्मचारी महिनौं दिन कार्यालय गएनन् भने पनि तलब काटिँदैन । तर, निजी संघसंस्थामा कार्यरतहरू एक दिनमात्रै अफिस गएनन् भने तलब काटिहाल्छ । तलब काट्नलाई कुनै बहाना नै चाहिँदैन । एकछिन ढिलो हुनुपर्छ, तलब काटिहाल्छ ।

अहिले जति पनि नेता छन्, तिनले हिजो मजदुरको आवाज उठाएझैं गरे । आफ्नो हकअधिकार खोज्नुपर्छ भनेर राजनीतिक दलका नेताहरूले उनीहरूलाई सडकमा उतारे । गरिबहरूको नाम बेचियो, तिनलाई सहिद बनाइयो । सत्तामा पुग्नका लागि गरिबहरूको प्रयोग गरियो । आफ्नो स्वार्थ पूरा भएपछि राजनीतिक दलहरू ती गरिब मजदुरलाई फर्केर पनि हेर्दैनन् ।

सत्तामा पुगेकाहरू नाम बेच्नेमात्रै हुन् । श्रम गरेर खाने कोही सत्तामा पुगेका छन् ? सबै गरिबको नाम बेच्नेमात्रै पुगेका छन् । श्रमिकहरूमाथि हिजो पनि श्रम शोषण हुन्थ्यो, आज पनि छ ।

दिनरात नभनिकन खटिँदासमेत उनीहरूको जीवनस्तरमा परिवर्तन आएको देखिँदैन, किन ? किनकि उनीहरू सामन्तीको चक्रब्यूहमा फसेका छन् । सामन्तीहरू गरिबको शोषण गरेर मोटाउँदै गए । गरिबका छोराछोरी खान, लाउन, पढ्न पाउने मौलिक हकबाटै वञ्चित छन् । आज जति पनि सत्तामा पुगेका छन्, तिनले गरिब, अशिक्षित र मजदुर वर्गलाई भऱ्याङ मात्र बनाए ।

भऱ्याङ चढेर जाने कहाँ पुगे, मजदुर जहाँको त्यही छन् । अरुलाई प्रयोग गरेर नेताहरूले आफ्ना सन्तानलाई पढाए । सात पुस्ता पुग्न सम्पत्ति जोडे । तर, मजदुरले के पाए ? विडम्बनापूर्ण कुरा के भने, अहिले तिनको आवाज उठाइदिने कोही पनि छैन । सर्वसाधारणले नेताहरूलाई चिनेनन्, जसका कारण आज समग्र देशबासीले दुःख पाएका छन् । राजनीतिक परिवर्तन गरेर के फाइदा भो ? सर्वसाधारण र मजदुर प्रयोगमात्र भएका छन् । राजनीतिक दलहरूले कसरी झूठको खेती गर्छन्, मजदुरले पनि बुझ्नुपर्छ, सर्वसाधारण पनि सचेत हुनुपर्छ ।

**– अनुसा थापा, काठमाडौं**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**कुम्भ स्नान** | सुनसरी जिल्लाको बराहक्षेत्र चतराधाममा गत चैत २७ गतेबाट चलिरहेको पूर्ण महाकुम्भ मेलाका अवसरमा सप्तकोशी नदीमा बुधबार कुम्भ स्नान गर्ने दर्शनार्थीको घुइँचो ।
*तस्बिरः संगीता राई/रासस*

# २५ परिवारका लागि सुरक्षित आवास निर्माण गरिँदै

**भजनी (कैलाली)–** बाढी र डुबानको जोखिममा रहेको कैलालीको भजनी नगरपालिका-३ को पकरियापुरमा सुरक्षित आवास निर्माण सुरु भएको छ । भजनी नगरपालिका, राष्ट्रिय दलित नेटवर्क (सुरक्षित आवास परियोजना) र स्थानीयको श्रमदानमा सुरक्षित आवास निर्माण हुन लागेको हो ।

वर्षौंदेखि बाढी र डुबानको पीडामा रहेका पकरियापुरका २५ परिवारलाई सुरक्षित राख्नका लागि घर निर्माण थालिएको नगरपालिकाका प्रमुख केवल चौधरीले बताए । उनले नगरपालिकाका अधिकांश क्षेत्र बर्सेनि बाढी र डुबानको चपेटामा पर्दै आएको बताउँदै बढी जोखिम भएको बस्तीलाई सुरक्षित बनाउन उच्च घर निर्माण कार्यक्रमलाई निरन्तरता दिइएको जानकारी दिए ।

नगरपालिकाले गत वर्ष वडा नं ५ मा १६ वटा सुरक्षित उच्च आवास निर्माण गरेको थियो । बर्सेनि अन्य सङ्घसंस्थाको साझेदारीमा नगरपालिकाले आवास निर्माणलाई निरन्तरता दिएको नगरप्रमुख चौधरीले बताए ।

स्थानीय छेदु डगौराले उच्च घर निर्माण भएपछि बर्सेनिको बाढी र डुबानबाट छुटकारा पाइने विश्वास व्यक्त गरेका छन् । उनले वर्षौंदेखिको सरकारसँगको माग अहिले आएर पूरा भएको बताएका छन् । 'वर्षौंदेखिको हाम्रो पीडा सरकारले सुनेको छ । हामीले सरकारसँग माग्दै आएको माग अब पूरा हुँदै छ । महिनौंसम्म बाढीका कारण सडकमा बस्नुपर्ने हाम्रो बाध्यता अब सधैंका लागि अन्त्य हुनेमा विश्वस्त छौं ।'

स्थानीय शिवजी डगौरा पनि उच्च घर निर्माण हुन थालेपछि यतिबेला उत्साहित बनेका छन् । घरको सबै जायजेथा बोकेर महिनौं सडकमा त्रिपालमुनि बस्नुको पीडाबाट छुटकारा पाउने आशामा शिवजी उत्साहित बनेका हुन् । पकरियापुरमा एउटा नमूना घरसहित २५ घर निर्माण भइरहेका छन् । सत्तरी लाख ४९ हजार ९२२ रूपैयाँ लागतमा निर्माण हुन लागेका ती घरका लागि नगरपालिकाको २४ लाख रूपैयाँ लगानी छ । त्यसमा राष्ट्रिय दलित नेटवर्कले २१ लाख २९ हजार रूपैयाँ लगानी गर्दा २५ लाख ३० हजार रूपैयाँ बराबरको स्थानीयको जनश्रमदानलाई जोडिएको छ । एउटा घरमा दुई कोठा र एउटा शौचालय निर्माण भइरहेको छ ।

राष्ट्रिय दलित नेटवर्कका लालबहादुर डगौरा थारूले संस्थामार्फत सञ्चालित सुरक्षित आवास परियोजनाले सरकारसँग सहकार्य गर्दै विपन्न वर्गका आवास निर्माणका काम गर्दै आएको बताएका छन् । 'प्रदेश तथा स्थानीय सरकारसँगको साझेदारीमा विभिन्न स्थानीय तहमा आवश्यकतानुसारको आवास निर्माणको काम गर्दै आएका छौं,' उनी भन्छन्, 'खासगरी सामाजिक तथा आर्थिक रूपमा कमजोर नागरिकलाई सुरक्षित आवास निर्माण गर्ने काम हुँदै आएको छ ।' परियोजनाले यसअघि कैलारी गाउँपालिकाको विपतपुरमा २७, लम्कीचुहा नगरपालिकामा २०, घोडाघोडी नगरपालिकामा १२ घर निर्माण गरेर स्थानीयलाई हस्तान्तरण गरिसकेको थारूले बताए । *रासस*

# श्रमिक दिवसले छोएन इँटाभट्टाका मजदुरलाई

■ **रमेश गिरी**

**भक्तपुर–** चाँगुनारायण नगरपालिका-९ ताथलीको बिएम इँटाभट्टामा कार्यरत भकुण्डेबेँसीकी सानी नेपालीले दैनिक दुई हजारदेखि दुई हजार ५०० इँटा बोक्छिन् । दुई वर्षीया छोरीलाई छ वर्षकी अर्की छोरीसँग राखेर हनुमान इँटा उद्योगमा कार्यरत दाङ घोराहीकी सीमा घर्ती इँटा बोकेर दैनिक एक हजार कमाई गर्छिन् । उनीहरू दुवैजना बुधबार पनि बिहानदेखि काममा व्यस्त थिए । उनीहरूलाई श्रमिक दिवसका बारेमा कुनै जानकारी थिएन ।

चाँगुनारायण नगरपालिका-२ दुवाकोट सेती भैरव इँटाभट्टामा काम गर्ने दाङ घोराहीकै सानीकान्छी घर्ती पनि इँटाभट्टामै व्यस्त थिइन् । उनले श्रमिक दिवसका बारेमा बुझ्ने फुर्सद नै नभएको बताइन् । उनले भनिन्, 'दिवसका चासो छैन, चिन्ता पनि छैन, इँटा बिग्रिएला, पैसा नपाइएला भन्ने चिन्ता मात्रै हुन्छ । पाँच महिना काम गरेर एक वर्षको परिवारको गर्जो टार्ने चिन्ता छ । इँटा बनाउने, सुकाउने, मिलाउने, बोक्नेलाई यस्ता दिवसले कहाँ छुन्छ र ? दिवस र बिदा त सरकारी जागिर खानेलाई मात्रै हो, हामी मजदुरलाई होइन ।'

सिन्धुपाल्चोक मांखाका ४० वर्षीया रामकुमार परियार र पत्नी कृष्णा परियारलाई बुधबार अन्तर्राष्ट्रिय श्रमिक दिवस भन्ने थाहा थिएन । यस वर्षका लागि ठेक्का लिएको तीन लाख इँटा बनाई सकेर घर फर्किन हतारमा रहेका परियारलाई जतिसक्दो चाँडो ठेक्का लिएको काम सकेर फर्कने हतारोमात्र रहेको बताए ।

त्यसो त सरकारले बुधबार सार्वजनिक बिदा दिएको थियो तर यी मजदुरहरूलाई न बिदा छ, न दिवसको चासो । कृष्णाले भनिन्, 'खोई के दिवस हो थाहा छैन, हामीलाई बिदा पनि छैन, ठेक्का लिएको इँटा पूरा गर्ने चिन्ता छ ।'

परियारलाई मात्रै हैन, भकुन्डेकी कल्पना विकलाई पनि श्रमिक दिवस र बिदाबारे जानकारी छैन । तीन सन्तानकी आमा २६ वर्षीया विकलाई चिन्ता छ त केवल साना तीन सन्तानको । 'लोग्ने आधा दिन काम गरेर जाँड खाएर बस्नुहुन्छ,' उनले भनिन्, 'दिउँसो पनि राति पनि हामीलाई गाह्रो, यी बच्चाबच्चीको चिन्ता छ, खै के गर्नु ।'

इँटा बोकिरहेकी १७ वर्षीया टुल्की विकको काखमा एक वर्षकी छोरी छिन् । श्रीमान्सँगै इँटाभट्टामा काम गर्दै आएकी टुल्कीलाई यस वर्ष ठेक्का लिएको इँटा सबै सिध्याउने चटारो छ । 'दिवसले के गर्छ, खान दिँदैन, लाउन दिँदैन । काम सकेर पैसा बोकेर घर जान हतारो छ हामीलाई, गाउँमा मकै छर्न ढिला भइसक्यो,' सूर्यविनायक नगरपालिका-८ सिपाडोलको इँटाभट्टाकी मजदुर शर्मिला धामीले भनिन् । रामेछापबाट दुई छोरी, एक छोरा र श्रीमान्सँगै सिपाडोलको इँटाभट्टामा इँटा बोक्न आएकी २७ वर्षीया पवित्रा कार्कीलाई दिवसको पर्वाह छैन । 'यसपालि एक लाख रूपैयाँमा इँटा सार्ने ठेक्का लिएका छौं,' कार्कीले भनिन्, 'ठेक्का सकेर छिटो गाउँ फर्किन पाए हुन्थ्यो, अब पैसा लिएर घर जान हतारो छ, मकै छर्नु छ ।'

अन्तर्राष्ट्रिय श्रमिक दिवस विश्वभर बुधबार भव्य रूपमा मनाइरहँदा भक्तपुरका इँटाभट्टाका श्रमिकलाई भने दिवसले छोएन । बुधबार बिहानदेखि मध्याह्नसम्म इँटाभट्टामा काम गर्न व्यस्त यहाँका मजदुरहरू रोजीरोटीका लागि इँटा थन्क्याउन र बोक्न व्यस्त देखिन्थे । भक्तपुरमा सञ्चालित ५८ वटा इँटाभट्टाका अधिकांश मजदुर आफ्नो काममा खटिएका थिए । *रासस*

# सुदूरपश्चिमका मुख्यमन्त्रीले शुक्रबार विश्वासको मत लिने



**सुदूरपश्चिम (प्रस)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले भोलि शुक्रबार बस्ने प्रदेशसभाको बैठकमा विश्वासको मत लिने भएका छन् । मुख्यमन्त्रीले विश्वासको मत लिनुअघि शुक्रबार बिहान कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाइएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले जानकारी दिए । सोही दिन अपराह्न ५ बजे प्रदेशसभाको बैठक आह्वान गरिएको छ ।

यही वैशाख ६ गते नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष पक्षधर सदस्य, स्वतन्त्र सदस्य डा. तारा जोशीको समर्थनमा सोडारी मुख्यमन्त्रीमा नियुक्त भएका थिए । मुख्यमन्त्री सोडारी प्रदेशसभामा चार सदस्य रहेको नेकपा एकीकृत समाजवादी संसदीय दलको नेता हुन् । प्रदेशसभाबाट विश्वासको मत लिएपछि मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारीमा मुख्यमन्त्री छन् ।

मुख्यमन्त्री सोडारीले प्रदेशसभामा प्रतिनिधित्व गरेको नागरिक उन्मुक्ति पार्टीका कैलाश चौधरीलाई भौतिक पूर्वाधार विकास र टीका थापालाई भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रीमा नियुक्त गरिसकेका छन् । उनले आन्तरिक मामिला तथा कानुन, सामाजिक विकास, उद्योग, पर्यटन वन तथा वातावरण र आर्थिक मामिला मन्त्रालय आफैंसँग राखेका छन् ।

सत्ता समीकरण फेरिएसँगै प्रदेशको मुख्यमन्त्रीमा नियुक्त सोडारीलाई नेकपा एमालेले तत्काल बाहिर बसेर समर्थन गरी सरकारमा सहभागी नहुने निर्णय गरेको थियो । सत्ता साझेदार अर्को दल नागरिक उन्मुक्ति पार्टीभित्रको आन्तरिक किचलो साम्य हुन सकेको छैन । त्रिपन्न सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा नेपाली कांग्रेसका १८, नेकपा माओवादी केन्द्रका सभामुखसमेत ११ सदस्यको प्रतिनिधित्व छ । बझाङमा भएको उपनिर्वाचनपछि नेकपा एमालेको एक सदस्य थप भई ११ पुगेको छ । नागरिक उन्मुक्ति पार्टीका सात, नेकपा एकीकृत समाजवादी पार्टीका चार, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का एक र एक स्वतन्त्र सदस्यको प्रतिनिधित्व छ ।


## युएई वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FARASHA AL ZAHABIYA TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | LT No.304043 | चलानी नं. ६०२१८८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Assistant | 1 | 0 | 1500 | ५४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1800 | ६५,८८० | | | | | | | |
| 3 | Packing Helper | 22 | 0 | 800 | २९,२८० | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 1800 | ६५,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ बैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५०० कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.
Airport, Shambhu marg-4, Kathmandu, Nepal
Phone: (+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Salma Salman Muhammad Al-Faqih Drinks Serving Establishment

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | LT No : 304108 | चलानी नं. ६०२१८८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 02 | 0 | 1000 | ३५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ बैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५०० कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DE SPA CITO HEALTH INSTITUTE COMPANY.

पूर्व स्वीकृति मितिः २०८१/०१/१८ | LT. No303998 | चलानी न. ६०२१८८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPA THERAPIST | 10 | 0 | 150 | ६५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ बैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, 9801186931, 9804816174, 9801186932, 9801041128, 9851165095 E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DHR FOR MEDICAL & LABORATORY EQUIPMENT REPAIRING EST

पूर्व स्वीकृति मिति २०८१/०१/१८ | LT. No. 304049 | चलानी नं. ६०२१८८७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial sales representative | 3 | 0 | 1500 | ५४,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 6 | 0 | 1400 | ५१,१७९ | | | | | | | |
| 3 | Electrician Assistant | 5 | 0 | 1200 | ४३,८६८ | | | | | | | |
| 4 | Sales Manager | 1 | 0 | 1700 | ६२,१४६ | | | | | | | |
| 5 | Sales Officer | 6 | 4 | 1500 | ५४,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## Tikapur Municipality
### Office of The Municipal Executive
Tikapur, Kailali
Sudurpashchim Province, Nepal

### Invitation for Bid

**First Date of Publication: - 2nd May 2024**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S.N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/NCB/41/WORKS/2080/081 | Supply, Delivery, Installation, Testing and Commissioning of Smart Street Lights in Tikapur Municipality, Tikapur Kailali | 8,971,561.80 | 265,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali** Or **Telephone NO.:- +977 091-561118,** or **may visit PPMO e-GP System** **www.bolpatra.gov.np/egp.**
3. Interested bidders should submit only E-bid till **2nd June 2024** before 12:00 hrs. through **PPMO e-GP System** **www.bolpatra.gov.np/egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
   **Office Account No.: - 10703000001001000001**
   **Revenue Heading No: - 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank: -
   **Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali.**
   **Office Account No.: - 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening.
7. Pre-bid meeting shall be held at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali at 13:00 hrs. on **22nd May 2024.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bid will be opened in the presence of Bidder›s representatives who choose to attend at 14:00 hrs. on **2nd June 2024** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**



# मनिषा
## असल जीवनसाथीको चाहनामा

**मुम्बई (एजेन्सी–** बलिउड अभिनेत्री मनिषा कोइराला लामो समयपछि पर्दामा कमब्याक गर्दैछिन् । सञ्जय लीला भन्सालीद्वारा निर्देशित उनको बहुप्रतिक्षित शृफ्ला 'हिरामाण्डीः द डायमण्ड बजार' ओटिटी प्लेटफर्ममा रिलिज भएको छ ।

यसअघि एक अन्तर्वार्तामा नायिकाले नेपाली व्यवसायी सम्राट दाहालसँग सम्बन्ध विच्छेद र क्यान्सर रोग लागेको लगायतका धेरै उतारचढावका बारेमा खुलेर कुरा गरेकी छिन् ।

जूम टिभीसँगको अन्तर्वार्तामा मनिषा कोइरालाले भनिन्, 'केही मानिस भाग्यमानी हुन्छन्, जसले यति धेरै उचाइ र यति धेरै तल झरेको अनुभव गर्न पाउँदैनन् र उनीहरूको जीवन निकै शान्त हुन्छ । म पनि भाग्यशाली छु कि मसँग यी सबै अनुभव रहेको छ । म केवल आशा गर्न सक्छु कि कम्तिमा मेरो जीवनप्रतिको दृष्टिकोण तीतो नहोस् । मेरो काम त्यसैमा छ ।'

मेरो काम मैले के परिवर्तन गर्न सक्छु र जीवनलाई कसरी हेर्छु, हेर्नु हो, जस्तै म गिलास आधा खाली वा आधा भरिएको हेर्छु । के मलाई लाग्छ जीवन पीडादायी छ ? होइन। जहिले पनि पीडादायी अनुभवहरू हुन्छन्, के म जीवनको बारेमा थप जान्न सक्दिन ? के म अनुभवको हिसाबले धनी भएको छैन, यति ठूलो आघातको पहिलो हातको अनुभवको हिसाबले ?

फेरि प्रेम पाउन तयार हुनुहुन्छ वा जीवनसाथी चाहनुहुन्छ भनेर सोध्दा मनिषाले भनिन्, 'म चाहन्छु । म झूट बोल्दिन । मलाई पक्कै पनि लाग्छ कि मेरो जीवनमा एक पुरुष व्यक्तित्व भएको भए, यदि मेरो जीवनमा मेरो साथी भएको भए, मलाई सायद उहाँसँग राम्रो महसुस हुने थियो। तर, म धेरै इमान्दार हुनु पर्दछ, म उसलाई पर्खन मेरो समय बर्बाद गर्दिन। मेरो भाग्यमा लेखेको भए पाउँछु । होइन भने त्यो पनि ठिक छ । जीवनलाई पूर्ण रूपमा जिउदै छु जस्तो लाग्छ ।'

मनिषाले थप भनिन्, 'मलाई एन्जाइटी अट्याक आउँछ र म असुरक्षित हुन्छु । मसँग सबै चीजहरू छन्, जुन सबैसँग छन् । म कहिलेकाहीं निराश र दुःखी पनि महसुस गर्छु। तर म भन्छु, हैन मनिषा, उठ, हिँड्ने बेला भयो । मलाई लाग्छ कि एक पटक तपाईले यति धेरै पार गरिसक्नु भयो, तपाईले महसुस गर्नुहुन्छ कि यसको अर्को पक्ष छ ।' मनिषा कोइराला सञ्जय लीला भन्सालीको पहिलो ओटीटी शृंखला 'हिरामाण्डीः द डायमण्ड बजार' मा मल्लिकाजनको भूमिकामा देखिने छिन् । यो शृंखला मे १ बाट नेटफ्लिक्समा स्ट्रिम हुँदैछ ।

# चलचित्र 'लेबर' निर्माण घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'लेबर' निर्माणको घोषणा गरिएको छ । १३५ औं अन्तर ाष्ट्रिय श्रमिक दिवसको अवसर पारेर निर्देशक पूर्णेन्दु के झाले फिल्मको घोषणा गरेका हुन् । राजधानीमा एक कार्यक्रम गर्दै निर्माण युनिटले पूर्णेन्दु प्रोडक्सन प्रालि र अरिपन फिल्मस प्राइभेट लिमिटेडको संयुक्त ब्यानरमा निर्माण हुने जानकारी दियो । फिल्मले बिदेसिन बाध्य नेपाली कथालाई प्रस्तुत गर्नेछ । काठमाडौंको सुनधारास्थित सिटिसी मलमाको सिने डी सेफमा आयोजित कार्यक्रममा फिल्मको टिजरसमेत सार्वजनिक भयो ।




कार्यक्रममा निर्देशक झाले फिल्मले लेबर र सरकारबिचको कथा भन्ने बताए । 'हाम्रो देशबाट लेबरको काममा बिदेसिन सफ्या बढी छ । उनीहरूको आ-आफ्नै कथा छ । ती कथालाई पर्दा मार्फत धेरै व्यक्तिसम्म पुऱ्याउनु पर्छ भन्ने लागेर फिल्म बनाउन लागेका हौं' निर्देशक झाले भने । फिल्म मैथिली भाषामा तयार हुनेछ भने नेपाली र भोजपुरीमा स्वराङ्कन हुनेछ ।

'हामीले बाहिर त बजार बनायौं तर नेपालमै मधेसमा स्वदेशी फिल्मलाई दर्शकले साथ दिएका छैनन् । यस कारण पनि विविध भाषामा तयार गरेर यसलाई प्रदर्शन गर्ने तयारी गरिरहेका छौं', झाले थपे । सतेन्द्र झा, सञ्जय साह, शेरू खान, शिखा ठाकुर, नारन अधिकारी, रमेश रञ्जन, धिरेन्द्र प्रेमर्षी र लक्ष्मी ठाकुर सह-निर्माता रहेको फिल्मलाई निर्देशक झाले नरेश मिश्रासँगको सहकार्यमा लेखेका हुन् ।

उत्पल झा, रामभजनकामत, राजेश सक्सेना, राकेश यादव, जयनाथ अधिकारी लगायतका कलाकार अहिले तय भएको र अन्य कलाकार छिटै छनौट हुनेछ । कार्यक्रममा कलाकार उत्पल झाले फिल्मलाई लिएर आफू निकै उत्साहित रहेको बताए । 'हामीले फिल्मलाई विषय प्रधान बनाउन थालेका छौं । यसमा मिथिलासँगै नेपालभरका दर्शकका कथा छ', कलाकार झाले थपे । फिल्ममा प्रवेश मल्लिकको संगीत तथा पार्श्वसंगीत, हिमाल केसीको द्वन्द्व निर्देशन, आलोक शुक्लको छायाङ्कन, निमेष श्रेष्ठको सम्पादन रहनेछ । फिल्म'लेबर' लाई २०२४ को अन्त्यसम्म प्रदर्शन गर्ने लक्ष्य लिइएको छ ।

# गीति संग्रह 'ज्योतिको सँगालो' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** गीतिसंग्रह 'ज्योतिको सँगालो' सार्वजनिक भएको छ । ज्योति कोइरालाको उक्त गीतिसंग्रह मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान् कोइराला, लोकगायक बम बहादुर कार्की लगायतले बुधबार एक समारोहका बिच सार्वजनिक गरे ।




पुरानो स्थानीय लयहरू सङ्कलन गरी ल्याइएको संग्रहमा ६ गीत छन् । जसमा दीपक शर्माले एकल संगीत दिएका छन् । बिन्ध्याबासिनी म्युजिकले बजारमा ल्याएको गीति संग्रहमा रहेको एउटा गीतको भिडियो पनि बनेको छ । कार्यक्रममाझ सर्जक ज्योति कोइरालाले गीतमा ७ दशक अघिको परिवेश समेटिएको बताइन् ।

कार्यक्रममा ज्योति कोइराला र उनका श्रीमान् ठाकुरप्रसाद कोइरालाले डा. भगवान् कोइरालाको अध्यक्षतामा निर्माणाधीन काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ नामक गैर नाफामूलक बाल अस्पतालको निर्माणका लागी पच्चिस लाख सहयोग समेत गरेका थिए । कार्यक्रममा लोक गायक बमबहादुर कार्कीले ज्योतीको संगालोमा तीज भाकाका पुराना गीतहरू संग्रीहत रहेको बताए ।



# रोहितको कप्तानीमा विश्वकप खेल्ने नेपाली टिम घोषणा






■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले आईसीसी टी-२० विश्वकपका लागि १५ सदस्यीय टोलीको घोषणा गरेको छ । रोहित पौडेलको कप्तानीमा क्यानले टोलीको घोषणा गरेको हो ।

टोलीका अन्य सदस्यहरूमा आसिफ शेख, अनिलकुमार साह, कुशल भुर्तेल, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी र ललित राजवंशी रहेका छन् । त्यस्तै, करन केसी, गुल्सन झा, सोमपाल कामी, प्रतिश जिसी, सन्दीप जोरा, अविनाश बोहरा, सागर ढकाल र कमल सिंह ऐरीले पनि टोलीमा स्थान बनाउन सफल भएका छन् ।

टी-२० विश्वकपको नवौं संस्करण आगामी जुन १ तारिखदेखि अमेरिका र वेस्ट इन्डिजमा सुरु हुँदैछ । आगामी टी-२० विश्वकपमा नेपाल समूह 'डी' मा छ । उक्त समूहमा दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्यान्ड्स रहेका छन् । वेस्ट इन्डिज भने विश्वकपको समूह 'सी' मा परेको छ । उक्त समूहमा न्युजिल्यान्ड, अफगानिस्तान, पपुवा न्यु गिनी र युगान्डा रहेका छन् ।

# गणेशमान सिंह बुद्धिचालको उपाधि स्पेशलाई

■ प्रभाव संवाददाता

**ललितपुर–** नवौं गणेशमान सिंह स्मृति राष्ट्रिय रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि नेपाल च्याम्पियन फिडे मास्टर रूपेश जैशवालले जितेका छन् । उनले फाइनलमा क्यान्डिडेट मास्टर मिलन लामासँग क्लासिकलतर्फको पहिलो र दोस्रो खेल बराबरी खेलेका थिए ।

क्लासिकलमा १/१ को बराबरीले नतिजा नआएपछि खेल ट्राई बेकरमा धकेलिए । द्रुतगतिको ५/५ मिनेटको खेलमा सेतो र कालो गोटी दुवै खेलका मिलनलाई २-० ले पाराजित गर्दै रूपेशले उपाधि जितेका हुन् । उनले २ लाख ५३ हजार रूपैयाँ बराबरको मोटरसाइकल हात पारे । लामो समयपछि खेलमा फर्केका युवा खेलाडी मिलनले लिग चरणमा उत्कृष्ट प्रदर्शन गर्दै फाइनलसम्म स्थान बनाएका थिए । उपविजेता बनेका उनले ८० हजार रूपैयाँमा चित्त बुझाए ।

अर्का फिडे मास्टर क्षितिज भण्डारी तेस्रो स्थानमा रहे । उनले ५० हजार रूपैयाँ हात पारे । क्षितिजले तेस्रो स्थानको लागि भएको खेलमा यू- १६ का राष्ट्रिय विजेता पुरुषोत्तम सिलवाललाई १.५ - ०.५ को सोझो सेटमा पन्छाए । चौथो स्थानमा रहेका पुरुषोत्तमले ३० हजार रूपैयाँमा चित्त बुझाए ।

स्विस लिग अनुसार नवौं चरणसम्म भएको खेलमा आयोजक क्लबका सजिन महर्जन प्रथम स्थान ओगटे । उनले २५ हजार रूपैयाँ पाए । दोस्रो हुन सफल सर्लाहीका कमल श्रेष्ठले १५ हजार र तेस्रो भएका निकेश कुशाथाले १० हजार पाए । शैलेन्द्रकुमार न्यौपाने चौथो र झापाका राजन सुवेदी पाँचौं स्थानमा रहे ।

छैटौंदेखि दशौंमा क्रमशः तनहुँका सविनचन्द्र घिमिरे, काठमाडौंका राजेन्द्र बज्राचार्य, बद्रीलाल नेपाली, सुदीप तामाङ र केशव श्रेष्ठ रहे । महिलातर्फको उपाधि पूर्वमहिला राष्ट्रिय च्याम्पियन सिन्दिरा जोशीले हात पारिन् । उनले १० हजार रूपैयाँ हात पारे । दोस्रो र तेस्रो स्थानमा मोरङकी शान्ति धिमाल र काठमाडौं पूर्णिमा गुरुङ रहिन् ।

## नेपाल-वेस्ट इन्डिज 'ए' टी-२०

# तेस्रो खेलमा नेपाल पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** वेस्ट इन्डिज 'ए' विरुद्धको तेस्रो टी-२० क्रिकेटमा बुधबार घरेलु टोली नेपाल पराजित भएको छ । कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा खेलिएको खेलमा भ्रमणकारी टोली वेस्ट इन्डिजले नेपाललाई ७६ रनले हराएको हो । जितसँगै वेस्ट इन्डिजले पाँच खेलको शृंखलामा २-१ को अग्रता लिएको छ । शृंखलाको पहिलो खेलमा नेपालले वेस्ट इन्डिजलाई चार विकेटले हराएको थियो । दोस्रो खेलमा भने वेस्ट इन्डिजले नेपालमाथि १० रनको रोमाञ्चक जित हासिल गरेको थियो । शृंखलाको चौथो खेल बिहीबार खेलिने छ ।

टस जिती पहिले ब्याटिङको निर्णय लिएको वेस्ट इन्डिजले निर्धारित ओभरमा तीन विकेट गुमाएर दुई सय २७ रन बनाएको थियो । जवाफी ब्याटिङ गरेको नेपालले भने १९.२ ओभरमा अलआउट हुनुअघि एक सय ५१ रनमात्र बनाउन सक्यो ।

तेस्रो खेलमा नेपालले बलिङ र ब्याटिङ दुबैमा निराशाजनक प्रदर्शन गऱ्यो । ठुलो विजय लक्ष्य पछ्याएको नेपालका कुनै पनि ब्याट्सम्यान लामो समय क्रिजमा टिक्न सकेनन् । नेपालका लागि तल्लो क्रमका ब्याट्सम्यान करण केसीले २८ रन बनाए ।

ओपनर ब्याट्सम्यान लोकेश बमले पनि २८ रन बनाए । कुशल मल्ल २० रन बनाउँदै आउट भए । ओपनर विनोद भण्डारी पनि १९ रनभन्दा अगाडि बढ्न सकेनन् । अनिल साहले १४ रन जोडे । नेपालका अन्य ब्याट्सम्यानले भने दोहोरो अंकमा रन बनाउन सकेनन् ।

नेपालले अतिरिक्त रूपमा पनि १४ रन पाएको थियो । वेस्ट इन्डिजका बलर ह्याडेन वाल्सले तीन विकेट लिए । गुडाकेश मोटीले पनि दुई विकेट हात पारे । म्याथ्यू फोर्ड, ओबेड म्याकोय र फाबिन एलनले पनि एक-एक विकेट लिए । नेपालका दुई ब्याट्सम्यान रन आउट भएका थिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजका लागि ओपनर जोन्सन चार्लसले उत्कृष्ट शतकीय पाली खेलेका थिए । उनले अविजित रहँदै टोलीका लागि अविजित एक सय १९ रनको योगदान गरेका थिए ।

बुधबारको खेलमा वेस्ट इन्डिजका लागि तेस्रो नम्बरका ब्याट्सम्यान आन्द्रे फ्लेचरले पनि अर्धशतकीय पाली खेले । उनले टोलीको खातामा ५३ रन थपेका थिए ।

ओपनर एलिक एथेन्जले १७ रन बनाए भने फाबियन एलन १९ रनमा आउट भए । किमो पल १३ रनमा अविजित रहे । नेपालका लागि सागर ढकाल र करण केसीले एक-एक विकेट लिए । वेस्ट इन्डिजविरुद्धको तेस्रो खेलमा बुधबार नेपाली टोली दीपेन्द्रसिंह ऐरीको कप्तानीमा मैदानमा ओर्लिएको थियो । नियमित कप्तान रोहित पौडेललाई भने आराम दिइएको थियो ।



बुधबार ताइवानको ताइपेईमा मे दिवसको ¥यालीमा 'संसद्ले श्रमिकहरूको अधिकारलाई समर्थन गर्न कानुन परिमार्जन गऱ्यो' र 'शासनको कुनै हनिमुन छैन' भन्ने नारा लेखिएको प्लेकार्ड बोकेर सहभागी मजदुरहरू । *तस्बिरः एपी*

# अस्ट्रेलिया महिलाविरूद्धका हिंसात्मक गतिविधि नियन्त्रणका लागि प्रतिबद्ध

**क्यानबेरा–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले महिलाहरूलाई हिंसात्मक सम्बन्ध छोड्न मद्दत गर्नका लागि नयाँ कोषको घोषणा गरेका छन् । लैंगिक हिंसालाई सम्बोधन गर्न संघीय, तथा क्षेत्रीय नेताहरूको आपतकालीन बैठकपछि, अल्बनिजले हिंसात्मक सम्बन्ध छोड्न सघाउने कार्यक्रम स्थापना गर्न पाँच वर्षमा नौ करोड २५ लाख अस्ट्रेलियाली डलरको घोषणा गरेका हुन् ।

लैंगिक हिंसा अन्त्य गर्न माग गर्दै हजारौं अस्ट्रेलियालीहरूले गरेको प्रदर्शनमा अल्बानीजले क्यानबेरामा प्रदर्शनकारीहरूलाई सम्बोधन गर्दै महिलाविरुद्धको हिंसालाई राष्ट्रिय संकटको रूपमा वर्णन गरे । राष्ट्रिय न्यायका लागि क्रियाशिल समूह 'डिस्ट्रोय द जोइन्ट'का अनुसार अस्ट्रेलियामा सन् २०२३ को पहिलो चार महिनामा १२ जनाको मृत्यु भएकोमा सन् २०२४ मा यो संख्या २८ पुगेको छ ।

यसअघि बुधबार नै एक विज्ञप्ति जारी गरी प्रधानमन्त्री अल्बानिजले महिला र बालबालिकाविरुद्धको हिंसाको रातारात समाधान हुन नसक्ने हृदयविदारक वास्तविकता भएको बताएका छन् । उनले यो घोषणाले कम महिलाहरूले हिंसात्मक सम्बन्धमा फसेको महसुस गर्ने हाम्रो प्रयासलाई सहयोग गर्ने उल्लेख गरे ।

बुधबारको बैठकमा नेताहरूले डिजिटल समस्या नक्कली पोर्नोग्राफीको सिर्जना र वितरणमा प्रतिबन्धसहित अनलाइन समस्या सम्बोधन गर्न नयाँ उपायहरू कार्यान्वयन गर्न सहमत भएका छन् । डिजिटल सामग्री महिला तथा केटीविरुद्धको दुर्व्यवहारको हानिकारक रूप भएकाले पीडितहरूलाई गहिरो हानि पुऱ्याउने महान्यायाधिवक्ता मार्क ड्रेफसद्वारा जारी अर्को छुट्टै एक विज्ञप्तिमा जनाए । *रासस/सिन्हवा*

# पाकिस्तान र इरानबाट दुई हजारभन्दा बढी अफगानी आप्रवासी निर्वासित

**इस्लामाबाद–** पाकिस्तान र इरानले निष्कासन गरेपछि दुई हजारभन्दा बढी अफगानी आप्रवासीहरू अफगानिस्तान फिर्ता गराएको तालिबानको नेतृत्वमा रहेको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्युजले जनाएको छ । मन्त्रालयका अनुसार सोमबार देशको प्रहरीले निष्कासन गरेपछि २६० जना अफगान आप्रवासी पाकिस्तानबाट काबुल फर्केका छन् ।

यसैबीच, दुई हजार ३६८ अफगानी आप्रवासीहरू सोही दिन इरानबाट अफगानिस्तानमा पुनः प्रवेश गरेको खामा प्रेसले जनाएको छ । आप्रवासीहरू नान्गाहार प्रान्तको तोरखाम सीमा हुँदै देशमा फर्केको जनाइएको छ । फर्केका व्यक्तिहरू हेरात प्रान्तको इस्लाम काला सीमा पार गरेर अफगानिस्तानमा प्रवेश गरेको अधिकारीहरूले बताएका छन् । हालैका महिनाहरूमा इरान र पाकिस्तानबाट अफगान आप्रवासीहरूको निष्कासन तीव्र भएपछि तालिबानको शरणार्थी मन्त्रालयले इरानबाट आप्रवासीहरूको फिर्तीको घोषणा गरेको छ । यसअघि, एम्नेस्टी इन्टरनेसनले पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने योजना तत्काल रद्द गर्न आह्वान गर्दै यो योजना अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र शरणार्थी कानुनविपरीत भएको उल्लेख गरेको थियो ।

यसैबीच, तालिबानका कार्यवाहक शरणार्थी तथा स्वदेश फिर्ती मामिलामन्त्रीले पाकिस्तानलाई अफगान आप्रवासीको मुद्दा द्विपक्षीय समझदारीको ढाँचाभित्र समाधान गर्न आग्रह गरेका थिए । *रासस/एएनआई*

# इजरायल–हमास सम्झौताका लागि वातावरण बनाउन अमेरिका 'कटिबद्ध'

**तेल अभिभ–** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले इजरायली नेतृत्वसँग वार्ता सुरु गर्दै बुधबार हमासलाई युद्धविराम सम्झौता स्वीकार गर्न पुनः आह्वान गरेका छन् ।

'यो कठिन समयमा पनि हामी युद्धविराम गर्न कटिबद्ध छौं । युद्धविरामले बन्धकहरूलाई घर ल्याउन वातावरण बनाउने छ । यो हासिल हुन नसक्नुको एकमात्र कारण हमास हो,' ब्लिन्केनले इजरायली राष्ट्रपति इसाक हर्जोगसँगको भेटमा भने । इजरायलले गाजामा आफ्नो आक्रमण अस्थायी रूपमा रोक्ने र अक्टोबर ७ मा कब्जामा लिएका बन्धकहरूको बदलामा प्यालेस्टिनी कैदीहरूलाई मुक्त गर्ने प्रस्तावको हमासले जवाफ दिने तयारी गरेको छ ।



भ्रमणका क्रममा ब्लिन्केनले गाजा पट्टीमा सहायता बढाउन प्रयास गरिरहेका छन् भने संयुक्त राष्ट्रसंघले खाद्यान्नको चरम अभावका कारण आसन्न अनिकालको चेतावनी दिएको छ । उनले बुधबार प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई भेटेका छन् । इजरायलले हालै सहायताका लागि खुला गरेको गाजा नजिकैको बन्दरगाह अशदोदलगायत बन्दरगाहलाई बन्द गर्ने तयारी गरिरहेको छ । ब्लिन्केनले हर्जोगसँग भने, 'हामीले यस क्रसफायरबाट पीडित मानिसहरूमा पनि ध्यान केन्द्रित गर्नुपर्छ ।' मंगलबार ब्लिन्केनले इजरायल र गाजाको बीचमा भर्खरै खोलिएको एरेज सीमातर्फ खाद्यान्नलगायत अन्य आधारभूत सहायता सामग्री बोकेका जार्डनी गाडी (ट्रक) र सहायताकर्मीलाई बिदाइ गरेका छन् । *रासस/एएफपी*

# डिजिटल रूपान्तरण प्राथमिकतामा

**बैंकक–** एसिया प्रशान्त क्षेत्रमा डिजिटल रूपान्तरणका अवसरहरू खोज्न र डिजिटल विकासलाई एसियाली कम्पनीहरूले प्राथमिकताका साथ अघि बढाउने प्रतिवद्धता जनाएका छन् । चिनियाँ प्रविधि कम्पनी हुवावे र आसियान फाउन्डेसनको आयोजनामा बैंककमा एसिया प्रशान्त क्षेत्रीय डिजिटल तथा बौद्धिकता सम्मेलन–२०२४ आयोजना गरिएको हो ।

सोमबारदेखि सुरू भएको दुईदिने उक्त सम्मेलनमा एसिया–प्रशान्त क्षेत्रका १५ देश र सार्वजनिक तथा निजी क्षेत्रका दुई हजारभन्दा बढी सहभागीहरूलाई अग्रणी डिजिटल तथा वौद्धिकता पूर्वाधारको प्रयोगका लागि जोड दिइएको छ । भिडियो सन्देशमार्फत आफ्नो उद्घाटन समारोहमा बोर्डका उपाध्यक्ष र हुवावेका प्रमुख वित्तीय अधिकारी मेङ वान्झाउले भने, 'एसिया–प्रशान्त अन्य क्षेत्रहरूका लागि डिजिटल प्रेरणा र आफ्नो डिजिटल अर्थतन्त्रको विकास गर्न खोजिरहेको र तिनीहरूका लागि रोल मोडेल बनेको छ ।'

अनुसन्धान र विकासमा लगानी गर्न हुवाव उत्सुक रहेको र ग्राहकहरूको लागि उपयोगी सिर्जना गर्न र एसिया–प्रशान्त क्षेत्रका मानिसहरूलाई डिजिटल र बौद्धिक प्रविधिहरूका फाइदा पुऱ्याउन साझेदारसँग खुला रूपमा सहकार्य गनतर्फ आफ्नो ध्यान जारी राख्ने मेङले बताए ।

उक्त अवसरमा बोल्दै थाई डिजिटल अर्थतन्त्र र समाजका मन्त्री प्रसर्ट जन्तरारु आङटोङले भने, 'थाइल्यान्डले राष्ट्रिय विकासका लागि आवश्यक नीति बनाई डिजिटल रूपान्तरणलाई प्राथमिकता दिइरहेको छ । यसले डिजिटल अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउनको लागि प्रमुख चालकको रूपमा विकास गर्ने लक्ष्य राखेको छ ।' *रासस/सिन्हवा*

# जापानमा रिक्त घरको संख्या ९० लाख पुग्यो

**टोकियो–** जापानमा खाली घरहरूको संख्या सन् २०२३ अक्टोबरसम्ममा ९० लाख पुगेको छ । यो संख्या सन् २०१८ मा गरिएको सर्वेक्षणमा देखिएकोभन्दा पाँच लाख १० हजारले बढेको पछिल्लो सरकारी तथ्यांकले देखाएको छ । उक्त संख्या जापानमा कूल घर संख्याको १३.८ प्रतिशत हुन आउँछ ।

जापानमा औसतमा सात घरमध्ये एक घर रिक्त रहेको मंगलबार प्रकाशित आन्तरिक मामिला मन्त्रालयको सर्वेक्षण रिपोर्टले पुष्टि गरेको छ । स्रोतले घरहरू खाली हुनुलाई विदेशमा सन्तान भएका वा सन्तान नभएका वृद्धहरूको स्वामित्वमा रहेका घरहरू उनीहरूको मृत्युपछि वा उनीहरू वृद्धाश्रममा बस्न थालेपछि खाली भएका हुन् ।

खाली घरहरूमध्ये, ४४ लाख ३० हजार भाडामा लगाइएका छन् भने तीन लाख ३० हजार बिक्रीका लागि छन् । त्यसैगरी तीन लाख ८० हजार खाली घरहरू छुट्टीका समय प्रयोग गरिने गर्छ । खाली रहेका तीन लाख ८५ हजार घर बेवारिसे अवस्थामा रहेका छन् । *रासस/सिन्हवा*

# दक्षिणी चीनमा राजमार्ग भासिँदा १९ जनाको मृत्यु

**बेइजिङ–** दक्षिणी चीनको ग्वाङडोङ प्रान्तमा बुधबार राजमार्गको एक भाग भत्किँदाभासिँदा १९ जनाको मृत्यु भएको अल जजिराले जनाएको छ । मेजियु सहर र दाबु काउन्टीबीचको एस–१२ राजमार्गको १७.९ मिटर सडकखण्ड बुधबार बिहान २ः१० बजे भासिएको र उक्त घटनामा १८ सवारीसाधन फसेका थिए ।

उक्त घटनामा १९ व्यक्तिको मृत्यु भएको पुष्टि भएको र ३० जनाले अस्पतालमा आपत्कालीन सेवा लिइरहेका छन् । अधिकारीहरूका अनुसार उपचारका लागि अस्पताल लगिएका मानिस हाल जोखिममुक्त रहेका बताइएको छ । स्थानीय सञ्चारमाध्यमहरूले दिएको समाचार र अनलाइनमा प्रसारित भिडियोहरूले गहिरो खाडलबाट आगो र धुवाँ निस्किरहेको देखाएका छन् । राजमार्ग भासिएर परेको उक्त खाडलमा कारहरू खसेको बताइएको छ । *रासस/एएनआई*


## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Reyaheen Soal Al Shamilah

पूर्व स्वीकृति मिति २०८१/०१/१८ | LT. No.303985 | चलानी नं. ६०२१८८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OMR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE POLISHING LABOR | 05 | 0 | 120 | ४१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होलो । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

KOPERASI INTERNATIONAL PVT.LTD.

Govt. License 1287/074/75

Tokha -9,Gonggabu( Shiva Mandir ), Kathmandu,bagmati

Contact: +977 1- 5912411, Email: Koperasi227@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-ATHEER INTERNATIONAL TRADING EST

पूर्व स्वीकृति मिति २०८१/०१/१८ | LT. No. 304000 | चलानी नं. ६०२१८८७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKAGING AND WRAPPING WORKER | 08 | 0 | 1000 | ३५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ बैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५०० कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.

श्रम ईजाजत नं.८७४/०६६/०६७

Basundhara, Dhapasi Chauki, Kathmandu, Nepal, Tel : +977-+977-1-5902950

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Tadawi Medical Company

पूर्व स्वीकृति मितिः २०८०/१०/१८ | पून : विज्ञापन स्वीकृति मितिः २०८१/०१/१९ | LT. No. 298163 | चलानी नं. ६०२१४१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse Technician | 0 | 5 | 3000 | १,०७,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ बैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

IMPERIAL OVERSEAS PVT. LTD.

Govt. Lic. No. 816/065/066

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAVANDA LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/१८ | LT No :304020 | चलानी नं. ६०२१८८५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE/ NAIL TECHNICIAN/HAIRDRESSER/BEAU | 0 | 9 | 150 | ६५,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २७ गते (9th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १००००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


## Narainapur Rural Municipality
## Office of Rural Municipal Executive
## Narainapur, Banke
## Lumbini Province, Nepal

**Notice of Intent to Award the Bid**

***Date of publication: 19th Baishakh, 2081 (1st May , 2024)***

This is to notify all the bidders that, it is our intent to Award the Contract for bid notice dated 5th Chaitra, 2080 (18th March, 2024), for execution of the contract as mentioned below to the bidder with bid prices corrected & modified in accordance with the Instructions to bidders & hereby selected substantially responsive Lowest Evaluated Bid.

| S. N. | Contract Identification | Name of Project | Selected Bidders Name & Address | Bid Amount (with PS and VAT) NPR |
|---|---|---|---|---|
| 1 | NRM/WORKS/NCB/ROAD /04/2080-081 | Construction of PCC Road From Suiyaa Chowk To Border, Narainapur -01,Banke. | Grow Up Construction & Builders Pvt. Ltd. Khajura-3, Banke | 35,52,896.91/- |

**Chief Administrative Officer**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३४५०० | प्रति तोला – १३३८५० | प्रति तोला – १६३० |

## साढे चार प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्छौं : अर्थमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले मुलुकको अर्थतन्त्र शिथिलताबाट बाहिर आउन थालेको बताएका छन् । यहाँ आयोजित 'दिगो विकासका लागि वित्त नीति' विषयक कार्यशालालाई सम्बोधन गर्दै उनले अर्थतन्त्रमा सकारात्मक संकेत देखा परेको र चालु आर्थिक वर्षमा नेपालले साढे चार प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने विश्वास व्यक्त गरे ।

चालु आवको बजेट बजेटमार्फत सरकारले छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार चालु आव २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्यांक सार्वजनिक गर्दै तीन दशमलव ५४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान सार्वजनिक गरेको थियो । तर यो अनुमानभन्दा बढी अंकको आर्थिक वृद्धिदर हासिल हुने अर्थमन्त्री पुनले दाबी गरे ।

'हाम्रो अर्थतन्त्रमा थोरै शिथिलता छ । स्वभाविक रूपमा यसका आन्तरिक र बाह्य कारण छन् । तथ्यांकहरूले विस्तारै त्यसमा सुधार देखाएको छ । विश्व बैंकले तीन दशमलव तीन, एसियाली विकास बैंकले तीन दशमलव छ र हिजो मात्रै राष्ट्रिय तथ्यांक कार्यालयले तीन दशमलव ५४ प्रतिशतको आर्थिक वृद्धि हुन्छ भनेको छ', उनले भने, 'यी सबै नौ महिनाका प्रक्षेपण हुन् । आव अझै तीन महिना बाँकी छ । केही पुँजीगत खर्च बढ्छ । हामीले केही सकारात्मक प्रयत्नहरू गरेका छौं । अर्थ मन्त्रालयले चार दशमलव पाँच प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि हुन्छ भन्ने अनुमान गरेको छ ।'

यद्यपि, अझै पनि ढुक्कैले अर्थतन्त्र राम्रो भयो भन्ने अवस्थामा नरहेको उनको भनाइ थियो । अर्थमन्त्री पुनले विश्वको आर्थिक र राजनीतिक परिदृश्य, श्रम बजारको अवस्था तथा श्रम शक्ति, आन्तरिक प्राकृतिक स्रोत तथा भूराजनीतिमा टेकेर नेपालले आर्थिक नीति बनाउनुपर्नेमा जोड दिए ।

नेपाल विश्व अर्थतन्त्रका दुई उदयीमान देशहरू भारत र चीनको बीचमा रहेकाले ती मुलुकको बजार हेरेर सरकारले नीति बनाइरहेको उनको भनाइ छ । आर्थिक शिथिलताकै बीचमा पनि चालु आवमा होटल तथा पर्यटन क्षेत्रमा २१ प्रतिशत र ऊर्जा क्षेत्रमा १७ प्रतिशतको आर्थिक वृद्धि भएको अर्थमन्त्री पुनको भनाइ छ । निर्माण क्षेत्रमा भने वृद्धिदर ऋृणात्मक देखिएकाले त्यसमा सुधार गर्न सरकार प्रयासरत रहेको बताए ।

नेपालमा राजनीतिक अस्थिरताका कारण विकास हुन सकेन भन्ने भाष्य आफूले नस्वीकार्ने पनि अर्थमन्त्री पुनको भनाइ छ । सरकारले लिएका ऊर्जासम्बन्धी नीतिको निरन्तरताका कारण नेपालले भारत र बंगलादेशमा विद्युत् निर्यात गर्नसक्ने अवस्था बनेको उनले उल्लेख गरे ।

## प्रसारण लाइनको ७३ प्रतिशत काम सकियो

■ प्रभाव संवाददाता



**दमौली (तनहुँ)–** निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्रसारण लाइनको काम ७३ प्रतिशत सकिएको छ । आयोजनाको तेस्रो प्याकेजका रूपमा रहेको प्रसारण लाइन निर्माणको काम ७३ दशमलव एक प्रतिशत सकिएको आयोजनाले जनाएको हो । प्रसारण लाइन निर्माणको अवधि विसं २०८१ पुस ४ गतेसम्म छ ।

विविध कारणवश प्रसारण लाइन निर्माणमा ढिलाइ भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । निरन्तर रूपमा काम गर्न पाएको भए यो प्याकेजको काम अहिले भन्दा धेरै हुने उनको भनाइ छ ।

केइसी इन्टरनेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिरहेको छ । प्रसारण लाइन निर्माण सन् २०२२ मे सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड १९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त नहुँदा सम्झौता म्याद थप गरिएको छ ।

उनले भने, 'वनको नीतिगत समस्याका कारण काममा ढिलाइ भयो, प्रसारण लाइन निर्माणमा भएको ढिलाइ हटाउँदै कामलाई तीव्रता दिन ऊर्जा मन्त्रालयले सहमति गरेकाले काम अगाडि बढेको छ ।'

दमौली–भरतपुर दुई सय २० केभी ३४ दशमलव सात किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७६ टावरको जग हाल्ने र ६४ वटा टावर जडान कार्य सम्पन्न भएको भण्डारीले जानकारी दिए । उनका अनुसार तीनवटा टावरको जग हाल्ने र चारवटा टावर राख्ने काम जारी छ । १८ वटा टावरको जग संरक्षण कार्य सम्पन्न भएको छ । चार स्थानमा काम भइरहेको छ ।

## पर्यटन प्रवर्द्धनका लागि विशेष अभियान

**काठमाडौं (प्रस)–** गुल्मीको रेसुंगा नगरपालिकाले रेसुंगाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं जैविक विविधताबारे प्रचार प्रसार गर्दै,रेसुंगाको पर्यटन प्रवर्द्धनको लागि विशेष अभियान शुरु गर्ने भएको छ । कार्यक्रमबारे जानकारी दिन मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गरेर नगरपालिकाले सो जानकारी दिएको हो ।

नेपाल पर्यटन बोर्डसंगको सहकार्यमा काठमाडौंमा आयोजना गर्न लागिएको 'जाउँ हिँड रेसुंगा' विशेष प्रर्वधनात्मक कार्यक्रमको पूर्व सन्ध्यामा आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै नगर प्रमुख खिलध्वज पन्थिले गुल्मी रेसुंगामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने अभियान स्वरूप प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितीमा यही वैशाख २० गते काठमाडौंबाट अभियान उद्घाटन गर्ने कार्यक्रम रहेको जानकारी दिए ।

प्राकृतिक, धार्मिक, ऐतिहासिक, पौराणिक विशेषताहरू रहेको रेसुंगामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन वर्षै भरि विभिन्न कार्यक्रम आयोजना गरिने पन्थिले जानकारी दिए । सो अवसरमा बोल्दै नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले भौतिक पूर्वाधारको विकाससँगै रेसुंगाको प्रवर्द्धनको लागि प्याकेज निर्माण गर्न आग्रह गरे । उनले सो क्षेत्रको पर्यटन प्रवर्द्धनको लागि बोर्डको साथ सहयोग रहने बताए ।

बोर्डका अर्का निर्देशक लक्ष्मण गौतमले रेसुंगा तपोभूमि अध्यात्म र संस्कृतिले जति दिव्य छ त्यति प्राकृतिक सम्पदाले पनि भव्य रहेको उल्लेख गर्दै रेसुंगाको पर्यटन प्रवर्द्धन गर्दा छिमेकी जिल्लाहरूको समेत पर्यटन प्रवर्द्धन हुने बताए। कार्यक्रममा डा. नारायाचार्य तिसिमल्सेना (देवबाबा) ले गुल्मीको पर्यटन प्रवर्द्धनका लागि रुरु क्षेत्रको रेहको शालिग्रामको संरक्षण आवश्यक रहको बताउँदै शालिग्रामको संरक्षणको लागि ऐन बनाउनु पर्ने बताए ।

रेसुंगा भौगोलिक, जैविक र वानस्पतिक विविधताले भरिएको क्षेत्र हो । यो क्षेत्र क्षेत्रमा वन क्षेत्र, आश्रम, धर्मक्षेत्र, मठमन्दिर, पँधेरा, कुण्ड, पोखरी, जलस्रोत, पाटीपौवा, यज्ञशाला, धर्मशाला एवं भग्नावशेषहरू रहेका छन् । यस क्षेत्रमा दुर्लभ चरा, पुतली, सरिसृप एवं स्तनधारी जीवहरू पाइने हुनाले जैविक विविधताले पनि यो क्षेत्र अत्यन्तै महत्वपूर्ण रहेको छ । हवाई तथा सड्क यातायातका विभिन्न विकल्पहरू प्रयोग गरेर रेसुंगा पुग्न सकिन्छ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ